# नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८०

प्रस्तावना: नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी काम कारबाहीलाई सरल, स्पष्ट र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९७ को उपदफा (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताको राय लिई नेपाल सरकारले यो निर्देशिका बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस निर्देशिकाको नाम "नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अभियुक्त" भन्नाले कुनै कसूरमा संलग्न भएको भनी आरोपित व्यक्ति सम्झनु पर्छ।

(ख) "कसूर पीडित" भन्नाले अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ञ) बमोजिमको पीडित सम्झनु पर्छ।

(ग) "जाहेरी दरखास्त" भन्नाले मुद्दासँग सम्बन्धित कसूरका सम्बन्धमा आफूसँग भएको प्रमाण सहित कसूर सम्बन्धी विवरण खुलाई संहिताको दफा ४ बमोजिम दिएको जाहेरी दरखास्त वा कसूरको सूचना सम्झनु पर्छ र सो शब्दले कसूरका सम्बन्धमा दिएको प्रहरी प्रतिवेदन वा कुनै कार्यालयले दिएको कसूरको जानकारी सम्बन्धी पत्रलाई समेत जनाउँछ।

(घ) "दोभाषे" भन्नाले दफा ३१ बमोजिम सेवा लिइएको व्यक्ति सम्झनु पर्छ।

(ङ) "नियमावली" भन्नाले कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ सम्झनु पर्छ।

(च) "मुद्दा" भन्नाले संहिताको अनुसूची-१ वा अनुसूची-२ मा उल्लिखित नेपाल सरकार वादी हुने फौजदारी मुद्दा सम्झनु पर्छ।

(छ) "संहिता" भन्नाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ सम्झनु पर्छ।

## परिच्छेद-२
## जाहेरी दरखास्त दर्ता र तामेली

३. जाहेरी दरखास्त दर्ता: कुनै कसूरको सम्बन्धमा प्राप्त जाहेरी दरखास्त वा सूचना दर्ता गर्दा संहिताको दफा ४ तथा नियमावलीको नियम ३, ४ र ५ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम समेत गरी दर्ता गर्नु पर्नेछः-

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(क) कुनै कार्यालय वा निकायको प्रतिवेदन वा पत्रमार्फत कुनै कसूरको सम्बन्धमा प्राप्त हुन आएको सूचनालाई समेत जाहेरी दरखास्तको रूपमा दर्ता गर्नु पर्ने,

(ख) खण्ड (क) बमोजिम प्राप्त प्रतिवेदन वा पत्रका सम्बन्धमा अनुसन्धानको लागि सम्बन्धित निकाय वा कार्यालयबाट थप विवरण माग गर्न सकिने,

(ग) दर्ता हुन आएका जाहेरी दरखास्त सम्बन्धी कसूरको अनुसन्धान गर्ने अधिकारी वा कार्यालयका सम्बन्धमा कुनै दुविधा भएमा सम्बन्धित सरकारी वकिल कार्यालयको समन्वयमा यकिन गर्नु पर्ने।

४. <u>जाहेरी दरखास्त तामेलीमा राख्नेः</u> कुनै कसूरको सम्बन्धमा प्राप्त जाहेरी दरखास्त तामेलीमा राख्ने सम्बन्धी व्यवस्था कार्यान्वयन गर्दा संहिताको दफा ११ र नियमावलीको नियम १६ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम गर्नु पर्नेछः-

(क) तीन दिनभित्र त्यस्तो जाहेरी दरखास्त तामेलीमा राख्ने सम्बन्धी प्रतिवेदन पेश गर्न सम्भव नभएमा सोको आधार र कारण खोली मनासिब समयभित्र प्रतिवेदन पेश गर्न सकिने,

(ख) जाहेरी दरखास्त तामेलीमा राख्ने निर्णय भएमा सम्बन्धित सरकारी वकिल कार्यालयले सोको जानकारी यथाशीघ्र सम्बन्धित अनुसन्धान अधिकारी, उच्च सरकारी वकिल कार्यालय र महान्यायाधिवक्ताको कार्यालयलाई दिनु पर्ने,

(ग) खण्ड (ख) बमोजिम जाहेरी दरखास्त तामेलीमा राख्ने निर्णय प्राप्त भएपछि संहिताको अनुसूची-१ अन्तर्गतको कसूरको हकमा सम्बन्धित प्रहरी कार्यालयले र संहिताको अनुसूची-२ अन्तर्गतको कसूरको हकमा सम्बन्धित कार्यालयले सोको जानकारी जाहेरी दरखास्त वा सूचना गर्ने व्यक्तिलाई दिनु पर्ने।

## परिच्छेद-३

## कसूरको अनुसन्धान

५. <u>घटनास्थलको सुरक्षा गर्ने तथा कसूर गर्ने व्यक्ति उम्कन नपाउने व्यवस्था गर्नेः</u> (१) प्रहरी कार्यालय वा प्रहरी कर्मचारीले मुद्दासँग सम्बन्धित कुनै कसूर भएको, भइरहेको वा हुन लागेको जानकारी पाएमा घटनास्थलको सुरक्षा गरी कसूरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नास हुन नदिने र कसूर गर्ने व्यक्ति भाग्न, उम्कन नपाउने व्यवस्था गर्नका लागि संहिताको दफा ६ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिमका कार्य समेत गर्नु पर्नेछः-

(क) घटनास्थलमा पुगेको मिति, समय र अवस्था टिपोट गर्ने,

(ख) घटनास्थलको सुक्ष्म अवलोकन गरी कसूरसँग सम्बन्धित प्रमाण वा वस्तु पहिचान गर्ने,

(ग) घटनास्थलको फोटो तथा श्रव्य दृश्य (भिडियो) लिने,

(घ) घटनास्थलमा सुरक्षाकर्मी परिचालन गरेर घटनास्थल मुचुल्का वा बरामदी मुचुल्का नभएसम्म घटनास्थलको घेराबन्दी (कोर्डन) गरी सुरक्षा गर्ने,

(ङ) घेराबन्दी गरिएको घटनास्थलभित्र घटनास्थल मुचुल्का सम्पन्न नभएसम्म अनुसन्धान गर्न खटिएको कर्मचारी बाहेक कुनै पनि पदाधिकारी वा अन्य व्यक्तिलाई प्रवेश गर्न नदिने,

(च) पीडित वा घटनाको बारेमा जानकार व्यक्तिको पहिचान गरी कसूरसँग सम्बन्धित विवरण प्राप्त गर्ने,

(छ) घटनास्थलमा फेला परेका घाईते व्यक्तिलाई उपचारका लागि तुरुन्त अस्पताल पठाउने,

(ज) कुनै व्यक्तिले मृत्यु हुनुभन्दा पहिले मृत्युको कारणका सम्बन्धमा आफ्नो भनाई (मृत्युकालीन घोषणा) राख्न सक्ने अवस्था भएमा उपचार गर्ने स्वास्थ्यकर्मी वा उपलब्ध व्यक्तिको रोहबरमा कागज गर्ने र यसरी कागज गर्दा सम्भव भएसम्म श्रव्य दृश्य (भिडियो) को साधनबाट समेत अभिलेख राख्ने,

(झ) अपराधमा संलग्न अभियुक्त तत्काल फेला परे नियन्त्रणमा लिने,

(ञ) घटनास्थलमा फेला परेका दसी, उपस्थित पीडित, साक्षी तथा अभियुक्त समेतलाई सुरक्षा प्रदान गर्ने,

(ट) घटनास्थलको अनुसन्धान गर्ने अनुसन्धान अधिकारी सहितको अनुसन्धान टोलीलाई तुरुन्तै खबर गर्ने।

(२) मुद्दासँग सम्बन्धित कसूरको सूचना कुनै प्रहरी कार्यालयले पाएकोमा सो कार्यालयले त्यस्तो कसूरका सम्बन्धमा प्रारम्भिक कारबाही गरी सम्बन्धित कार्यालय वा अनुसन्धान अधिकारी समक्ष तुरुन्त पठाउनु पर्नेछ।

६. <u>अख्तियारवाला समक्ष लेखी पठाउने</u>: संहिताको दफा ६ को उपदफा (५) बमोजिम कुनै निकाय वा अधिकारीले मद्दत नगरेमा सम्बन्धित अधिकारीलाई आवश्यक कारबाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सकिनेछ।

७. <u>अनुसन्धान अधिकारी तोक्ने</u>: (१) संहिताको अनुसूची-१ मा उल्लिखित कसूरको अनुसन्धानको लागि अनुसन्धान अधिकारी तोक्ने सम्बन्धमा संहिताको दफा ८ को उपदफा (१) मा उल्लिखित व्यवस्थाको अधीनमा रही देहाय बमोजिम गर्नु पर्नेछः-

(क) दफा ३ बमोजिम दर्ता भएको जाहेरी दरखास्तको सम्बन्धमा अनुसन्धान गर्न सम्बन्धित प्रहरी कार्यालयको प्रमुखले अनुसन्धान अधिकारी र सम्भव भएसम्म घटनास्थल अनुसन्धान अधिकृत (सिन अफ क्राईम अफिसर) सहित अन्य सहयोगी कर्मचारी समेत तोक्नु पर्ने,

(ख) खण्ड (क) बमोजिम अनुसन्धान अधिकारी तोकिएको जानकारी सम्बन्धित सरकारी वकिल कार्यालयलाई यथाशीघ्र दिनु पर्ने।

(२) संहिताको अनुसूची-२ मा उल्लिखित कसूरको अनुसन्धान गर्न संहिताको दफा ८ को उपदफा (७) बमोजिम प्रमुख जिल्ला अधिकारीबाट अनुसन्धान अधिकारी तोकिएकोमा सोको जानकारी सम्बन्धित सरकारी वकिललाई समेत यथाशीघ्र दिनु पर्नेछ।

८. <u>अनुसन्धान अधिकारीले अनुसन्धान गर्ने:</u> (१) संहिताको अनुसूची-१ मा उल्लिखित कसूरको अनुसन्धानका लागि तोकिएको अनुसन्धान अधिकारी वा कर्मचारीले आफूलाई तोकिएको मुद्दाको अनुसन्धानको कार्य गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष अवस्था सिर्जना भई त्यसरी तोकिएको अनुसन्धान अधिकारी परिवर्तन गर्नु पर्ने भएमा सम्बन्धित अधिकारीले कारण खुलाई अर्को अनुसन्धान अधिकारी तोक्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अर्को अनुसन्धान अधिकारी तोकिएको जानकारी सम्बन्धित सरकारी वकिल कार्यालयमा तुरून्त गराउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम तोकिएको अनुसन्धान अधिकारीलाई साविकको अनुसन्धान अधिकारीले आफूले सम्पादन गरेको अनुसन्धान सम्बन्धी वस्तुस्थिति उल्लेख गरी सङ्कलित कागज प्रमाण बुझाई सोको भरपाई लिनु पर्नेछ।

९. <u>घटनास्थल मुचुल्का तयार गर्ने:</u> (१) घटनास्थल मुचुल्का तयार गर्ने सम्बन्धमा संहिताको दफा ८ को उपदफा (२), (३), (४), (५) र (६), दफा १९ को उपदफा (१) र (२) तथा नियमावलीको नियम १७ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम गर्नु पर्नेछः-

(क) घटनास्थलमा सम्भव भएसम्म विशेषज्ञ समेतको अनुसन्धान टोली खटाउनु पर्ने,

(ख) अनुसन्धानमा खटिएको अनुसन्धान अधिकारी सहितको टोलीले घटनास्थल जाँच गर्दा भौतिक सबुद प्रमाणको खोजी गर्ने क्रममा पहिचान भएका भौतिक सबुद प्रमाणको सिरियल नम्बर वा अन्य सङ्केत सूचक वस्तुद्वारा देखाई सोको प्रत्येक भौतिक सबुदको फोटो लिई घटनास्थलको रेखाचित्रण तयार गरी सबुद प्रमाण सङ्कलन गर्नु पर्ने,

(ग) घटनास्थलमा कसूरसँग सम्बन्धित दसीको मालसामान र अन्य कुनै प्रमाण वा वस्तु फेला पारेमा संहिताको अनुसूची -१३ बमोजिमको ढाँचामा खानतलासी तथा बरामदी मुचुल्का खडा गरी त्यस्ता मालवस्तु आफ्नो कब्जामा लिई सोको भरपाई सम्बन्धित व्यक्तिलाई दिनु पर्ने,

(घ) खण्ड (ग) बमोजिम बरामद गरी सङ्कलन गरिएको दसी प्रमाण, सामान वा वस्तुको प्रकृति अनुसार ननासिने र नबिग्रिने गरी सुरक्षित रुपमा खामबन्दी गरी सबुद प्रमाणको श्रृङ्खला कायम गर्नु पर्ने,

(ङ) घटनास्थल मुचुल्का तयार गर्दा सो ठाउँको सम्भव भएसम्म श्रव्य दृश्य (भिडियो) समेत लिनु पर्ने,

(च) घटनास्थलबाट सबुद प्रमाण सङ्कलन गर्दा सम्भव भएसम्म सो सम्बन्धी तालिम प्राप्त घटनास्थल अनुसन्धान अधिकृत (सिन अफ क्राइम अफिसर) ले गर्नु पर्ने,

(छ) घटनास्थलबाट सङ्कलन गरिने प्रत्येक भौतिक सबुद प्रमाणलाई छुट्टाछुट्टै उपयुक्त भाँडोमा प्याकिङ्ग गरी एउटा सबुद अर्को सबुदसँग मिसिन गई दूषित (कन्टामिनेट) हुनबाट बचाउनु पर्ने,

(ज) भौतिक सबुद प्रमाणलाई सिलबन्दी गरी भाँडो बाहिर भौतिक सबुद प्रमाणको सम्पूर्ण विवरण उल्लेख गरिएको नामपत्र (लेबल) टाँसी सम्बन्धित अधिकृतले हस्ताक्षर गर्नु पर्ने,

(झ) आवश्यकता अनुसार भौतिक सबुद प्रमाण र अभियुक्तको खोजीमा तालिम प्राप्त कुकुरको समेत प्रयोग गर्न सकिने।

(२) घटनास्थलबाट दसीको मालसामान र कसूरसँग सम्बन्धित प्रमाण वा वस्तु तत्काल आफ्नो जिम्मा वा कब्जामा लिन सकिने अवस्था नभएमा त्यस्तो चीज वा वस्तुलाई सुरक्षित साथ राख्नको लागि सम्बन्धित अनुसन्धान अधिकारीले स्थानीय तह वा अन्य कुनै कार्यालयलाई अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध गरिएमा सम्बन्धित स्थानीय तह वा कार्यालयले पनि त्यस्तो मालसामान वा प्रमाण जिम्मा लिई त्यसको भरपाई दिनु पर्नेछ।

१०. <u>खानतलासी गर्न जाँदा तलासी दिने:</u> संहिताको दफा १८ बमोजिम खानतलासी गर्नको लागि खानतलासी गर्ने ठाउँमा प्रवेश गर्नुअघि अनुसन्धान अधिकारीका साथै खानतलासीको काममा निजलाई मद्दत गर्न खटिएका अन्य कर्मचारी तथा रोहबरमा रहने व्यक्तिले समेत सम्बन्धित घरधनी वा व्यक्तिलाई आफ्नो तलासी दिनु पर्नेछ।

११. <u>मुचुल्का खडा गर्दा रोहबरमा राख्नु पर्ने:</u> (१) कसूरको अनुसन्धान गर्दा खडा गर्नु पर्ने मुचुल्कामा रोहबरमा बस्ने व्यक्तिको सम्बन्धमा संहिताको दफा १९ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम गर्नु पर्नेछः-

(क) मुचुल्का तयार भएपछि सो मुचुल्का गर्दा देख्ने साक्षी र रोहबरमा बस्ने व्यक्तिको परिचयात्मक विवरण तथा सम्पर्क गर्न सकिने फोन नम्बर उल्लेख गरी सहिछाप गराई काम तामेल गर्ने कर्मचारीले समेत आफ्नो वैयक्तिक विवरण त्यस्तो मुचुल्कामा उल्लेख गरी सहिछाप गरी राख्नु पर्ने,

(ख) यस दफा बमोजिम रोहबरमा राख्ने प्रयोजनका लागि सम्बन्धित अधिकारीले मुचुल्का गर्न जानुअघि सम्बन्धित स्थानीय तहको सदस्यलाई खटाई पठाइदिन त्यस्तो स्थानीय तहलाई अनुरोध गर्नु पर्ने,

(ग) खण्ड (ख) बमोजिम स्थानीय तहको सदस्य उपलब्ध नहुने भएमा अनुसन्धान अधिकारीले कुनै कर्मचारी खटाईदिन कुनै सरकारी कार्यालयलाई अनुरोध गर्नु पर्ने,

(घ) प्रचलित कानून बमोजिम रोहबरमा बसी सहिछाप गर्नु पर्ने कर्तव्य भएका व्यक्ति तथा स्थानीय तहका पदाधिकारी वा सरकारी कर्मचारीले रोहबरमा बसी सहिछाप गर्नु पर्ने,

(ङ) कानून बमोजिम तयार गरिने मुचुल्कामा रोहबरमा बस्नु पर्ने कर्तव्य भएका व्यक्तिले त्यस्तो मुचुल्कामा सहिछाप गर्न इन्कार गरेमा सम्बन्धित अधिकारीले सोही व्यहोरा उल्लेख गरी मुचुल्कामा रोहबरमा नबसेको वा सहिछाप नगरेको व्यहोरा खुलाई कैफियत जनाई उपस्थित अन्य दुई जना व्यक्तिको सहिछाप गराई आफूले पनि सहिछाप गरी मुचुल्का तयार गर्नु पर्ने।

(२) मनासिब कारण बिना उपदफा (१) को खण्ड (ङ) बमोजिम रोहबरमा नबस्ने सरकारी कर्मचारीलाई अनुसन्धान अधिकारीले विभागीय कारबाहीका लागि सम्बन्धित अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ।

१२. <u>अभियुक्त पक्राउ गर्ने</u>: अभियुक्त पक्राउ गर्ने सम्बन्धमा संहिताको दफा ९, मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ३ तथा नियमावलीको नियम १२ र १३ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम गर्नु पर्नेछः-

(क) जरुरी पक्राउ पूर्जी दिई पक्राउ गरिएकोमा स्वीकृतिको लागि अदालतमा निवेदन दिनु अघि पक्राउ गरिएको चौबिस घण्टाभित्र पक्राउ गरिएको व्यक्तिलाई छाड्नु पर्ने देखिएमा जरुरी पक्राउ पूर्जी स्वीकृतिको लागि निवेदन दिनु नपर्ने,

तर त्यसरी पक्राउ गरी छाडिएको जानकारी अदालतलाई दिनु पर्नेछ।

(ख) कुनै व्यक्तिलाई जरुरी प्रकाउ पूर्जी दिई प्रकाउ गर्न वा अदालतको अनुमति लिई प्रकाउ गर्न देहायको अवस्था विद्यमान रहेको हुनु पर्नेः-

(१) कसूरमा संलग्न रहेको भन्ने विश्वास गर्ने मनासिब आधार रहेको,

(२) कसूरमा संलग्न रहेको भनी अन्य अभियुक्तको पोलबाट खुल्न आएको,

(३) अनुसन्धानको सिलसिलामा प्राप्त सबुद प्रमाणबाट कसूरमा संलग्न रहेको विश्वास गर्ने मनासिब आधार रहेको,

(४) पक्राउ नगर्दा भागी जाने सम्भावना रहेको।

१३. <u>प्रारम्भिक अनुसन्धान प्रतिवेदन र निर्देशन</u>: प्रारम्भिक अनुसन्धान प्रतिवेदन र निर्देशन सम्बन्धमा संहिताको दफा १० तथा नियमावलीको नियम १५ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम गर्नु पर्नेछः-

(क) कुनै कसूरका सम्बन्धमा जाहेरी दरखास्त दर्ता हुनासाथ त्यस्तो कसूरको अनुसन्धान गर्न तोकिएको अनुसन्धान अधिकारी वा कर्मचारीले तुरुन्त



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

कसूरको प्रकृति अनुसार देहाय बमोजिम प्रारम्भिक अनुसन्धान गरी सबुद प्रमाण सङ्कलन गर्नु पर्ने:-

(१) घटनास्थल विवरण तथा कसूर भएको स्थानको वस्तुस्थिति समेत खुल्ने गरी घटनास्थल तथा वस्तुस्थिति मुचुल्का तयार गर्ने,

(२) खानतलासी वा बरामदी मुचुल्का तयार गर्ने,

(३) ज्यान मरेको कसूर भए लास जाँच मुचुल्का तयार गर्ने,

(४) घा जाँच, कसूर पीडितको शारीरिक जाँच र उपचार सम्बन्धी कार्य गराउने,

(५) अभियुक्त फेला परेमा तत्काल नियन्त्रणमा लिई निजको शरीरको तलासी लिने र शारीरिक जाँच गराउने,

(६) भौतिक वस्तु वा प्रमाण सङ्कलन गरी परीक्षणको लागि पठाउने,

(७) कसूरको प्रकृति अनुसार तयार गर्नु पर्ने प्रतिवेदन, मुचुल्का वा अन्य आवश्यक विवरण तयार गर्ने।

(ख) खण्ड (क) बमोजिमको प्रारम्भिक अनुसन्धान पश्चात सम्बन्धित अनुसन्धान अधिकारीले प्रारम्भिक अनुसन्धान सम्बन्धी संक्षिप्त विवरण सहितको प्रतिवेदन तीन दिनभित्र सम्बन्धित सरकारी वकिल कार्यालयमा पठाउनु पर्ने,

(ग) खण्ड (ख) बमोजिम प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाउँदा प्रारम्भिक अनुसन्धानको क्रममा सङ्कलन भएका प्रमाण कागजातको प्रमाणित प्रतिलिपि समेत संलग्न गर्नु पर्ने,

(घ) खण्ड (ख) बमोजिम प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्त हुनासाथ सम्बन्धित सरकारी वकिल कार्यालयले सो सम्बन्धी मुद्दाको विवरण अनुसूची-१ बमोजिमको ढाँचामा कसूर दर्ता किताबमा दर्ता गरी मिसिल खडा गर्नु पर्ने,

(ङ) खण्ड (घ) बमोजिम दर्ता भएको मुद्दाको अनुसन्धान सम्बन्धमा निर्देशन दिने लगायत आवश्यक कार्य गर्न सम्बन्धित सरकारी वकिल कार्यालयको प्रमुखले कुनै सरकारी वकिललाई तोकी मिसिल जिम्मा दिनु पर्ने,

(च) खण्ड (ङ) बमोजिम मिसिल प्राप्त गरेपछि सम्बन्धित सरकारी वकिलले सो प्रतिवेदन अध्ययन गरी अनुसन्धान अधिकारीलाई निर्देशन दिन आवश्यक देखेमा त्यस सम्बन्धी विवरण खुलाई तीन दिनभित्र आवश्यक निर्देशन दिनु पर्ने,

(छ) अनुसन्धानको क्रममा रहेका मिसिल कागजातको संवेदनशीलतालाई विचार गरी सम्बन्धित सरकारी वकिल तथा कर्मचारीले अनुसन्धानसँग सम्बन्धित मुद्दाको प्रचलित कानून बमोजिम गोप्यता कायम हुने व्यवस्था मिलाउनु पर्ने।

१४. अनुसन्धान अधिकारीलाई निर्देशन दिँदा सरकारी वकिलले विचार गर्नु पर्ने विषयः दफा १३ बमोजिम प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि वा कसूरको अनुसन्धानको क्रममा सम्बन्धित सरकारी वकिलले देहायका कुरा विचार गरी अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिनु पर्नेछः-

(क) अनुसन्धान अधिकारीले प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाउनुभन्दा पहिले गरेको अनुसन्धान प्रक्रियाको उपयुक्तताको विषय,

(ख) अनुसन्धानका क्रममा सङ्कलन गर्नु पर्ने प्रमाण कागज तथा प्रक्रियाको विषय,

(ग) पीडित वा अभियुक्त महिला वा कानूनको विवादमा परेका बालबालिका भएमा निजको पहिचान गोप्य राख्ने विषय,

(घ) पीडित तथा अभियुक्तको सुरक्षाको विषय,

(ङ) पीडित तथा अभियुक्तको अधिकारको संरक्षणको विषय,

(च) पीडितलाई आवश्यक परामर्श सेवा (काउन्सिलिङ) उपलब्ध गराउने विषय,

(छ) पीडित र अभियुक्तको शारीरिक परीक्षण गरी प्रतिवेदन प्राप्त गर्ने विषय,

(ज) कसूरसँग सम्बन्धित दसी प्रमाणको प्रभावकारी ढङ्गले खोजी गर्ने विषय,

(झ) कसूरको प्रकृति अनुसार पीडित वा अभियुक्तबाट रगत, वीर्य आदिको नमूना सङ्कलन गर्दा पूरा गर्नु पर्ने कानूनी प्रक्रियाको विषय,

(ञ) कसूरसँग सम्बन्धित दसी प्रमाण सङ्कलन गर्दा पुऱ्याउनु पर्ने रीत र कार्यविधिको पालनातर्फ अनुसन्धान अधिकारी सजग हुनु पर्ने विषय,

(ट) कसूरसँग सम्बन्धित भौतिक प्रमाण सङ्कलन गर्दा विशेषज्ञको संलग्नता, सहयोग र परामर्श जुटाउनु पर्ने विषय,

(ठ) कुनै विशेष कुरा बुझ्न आवश्यक देखिएको वा कुनै विशेष प्रमाण सङ्कलन गर्न आवश्यक देखिएको भए त्यस्तो विषय,

(ड) अनुसन्धान गर्दा कुनै विशेष कार्यविधि वा प्रक्रिया अपनाउनु पर्ने विषय,

(ढ) नमूना सङ्कलन गर्दा पीडित र अभियुक्तको अधिकारको सम्मान र संरक्षण गर्ने विषय,

(ण) सङ्कलित नमूना यथासमयमा जाँच गर्न पठाउने र प्रतिवेदन प्राप्त गर्ने विषय,



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(त) दण्ड जरिबाना वा बिगो भराउने वा कसूर पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनको लागि अभियुक्तको सम्पत्ति विवरण लिने र रोक्का राख्ने विषय,

(थ) क्षतिपूर्तिको रकम निर्धारण गर्न आवश्यक कुरा बुझ्ने विषय,

(द) नबुझी नहुने व्यक्ति र अन्य प्रमाण सम्बन्धी विषय,

(ध) अनुसन्धान प्रक्रिया वा कानूनी व्यवस्थाबारे अनुसन्धान अधिकृतलाई द्विविधा परेको कुनै विषय,

(न) अन्य आवश्यक विषय।

१५. पक्राउ भएको व्यक्तिलाई हिरासतमा राख्ने तथा हिरासत व्यवस्थापन सम्बन्धी व्यवस्था: पक्राउ भएको व्यक्तिलाई हिरासतमा राख्ने तथा हिरासत व्यवस्थापन सम्बन्धमा संहिताको दफा १३ तथा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ६ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम गर्नु पर्नेछः-

(क) मुद्दाको अनुसन्धानको सिलसिलामा पक्राउ गरिएको व्यक्तिको मर्यादाको ख्याल गरी मानवोचित व्यवहारका साथ हिरासतमा राख्नु पर्ने,

(ख) महिला र पुरूषलाई अलग अलग हिरासत कक्षमा राख्नु पर्ने,

(ग) कानूनको विवादमा परेका बालबालिकालाई छुट्टाछुट्टै निगरानी कक्षमा बालमैत्री वातावरणमा राख्नु पर्ने,

(घ) हिरासतमा रहेको व्यक्तिले कानून व्यवसायी वा आफन्तसँग भेटघाट गर्न चाहेमा भेटघाटमा भएका कुरा अरुले सुन्न नसक्ने गरी भेटघाटको व्यवस्था मिलाउनु पर्ने,

(ङ) थुनुवासँग भेटघाट गर्ने दैनिक समय तालिका निर्धारण गरी जानकारीको निमित्त कारागारमा टाँस गर्नुका साथै थुनुवासँग भेटघाट गरेको विवरण देखिने अभिलेख किताब समेत राख्नु पर्ने,

(च) थुनुवा कक्षको बाहिर सबैले देख्ने ठाउँमा थुनुवाका संवैधानिक तथा कानूनी अधिकारका साथै थुनामा रहँदाका बखत पाउने सिदा तथा सुविधाका बारेमा उल्लेख गरिएको सूचना पाटी राख्नु पर्ने।

१६. अनुसन्धानका लागि हिरासतमा राख्न सकिने अवधि र तत्सम्बन्धी कार्यविधि: हिरासतमा राख्न सकिने अवधि र तत्सम्बन्धी कार्यविधि सम्बन्धमा संहिताको दफा १४, नियमावलीको नियम १९ तथा अन्य विशेष कानूनमा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम गर्नु पर्नेछः-

(क) कुनै व्यक्तिलाई कसूरको अनुसन्धानको लागि हिरासतमा राख्न पहिलोपटक म्याद थप गर्न अदालतमा निवेदन दिनुभन्दा अघि सम्बन्धित सरकारी वकिलले हिरासतमा राखिएको व्यक्ति उपर लगाइएको अभियोग, तत्सम्बन्धी कानून र मुद्दा हेर्ने अधिकारीका बारेमा यकिन भएर मात्र निवेदन दिनु पर्ने,



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ख) कुनै व्यक्तिलाई हिरासतमा राख्न म्याद थपको लागि अदालतमा पेश गर्ने प्रयोजनको लागि अनुसन्धान अधिकारीले सरकारी वकिल समक्ष पेश गरेकोमा सम्बन्धित सरकारी वकिलले मिसिल कागजात अध्ययन गर्दा पक्राउ गरेको व्यक्तिलाई हिरासतमा राखी अनुसन्धान गर्नु पर्ने स्पष्ट आधार र कारण नदेखेमा त्यस्ता व्यक्तिबाट धरौट वा जमानत लिई वा निजलाई माथवर मानिसको जिम्मामा हाजिर जमानीमा छाडी वा तारिखमा राखी अनुसन्धान कार्य पूरा गर्न अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्ने,

(ग) पक्राउ गरेको व्यक्तिलाई हिरासतमा राख्ने म्याद थपको लागि अदालत समक्ष उपस्थित गराउने दिन सार्वजनिक बिदा परेको वा कुनै कारणले अदालत बन्द रहेको अवस्थामा अदालत खुलेको पहिलो दिन यथासम्भव छिटो उपस्थित गराउनु पर्ने,

(घ) हिरासतमा राख्न म्याद थपको लागि अदालतमा निवेदन पेश गर्दा सोसाथ सङ्कलित कागज प्रमाण तथा जाहेरी दरखास्त सहितको सक्कल मिसिल र पक्राउ गरिएको व्यक्तिलाई समेत पेश गर्नु पर्ने,

(ङ) खण्ड (घ) बमोजिम म्याद थपको लागि उपस्थित गराइएको व्यक्तिले आफ्नो शारीरिक परीक्षणको लागि अदालतमा निवेदन दिन चाहेमा अनुसन्धान अधिकारीले सहजीकरण गर्नु पर्ने,

(च) खण्ड (घ) बमोजिम म्याद थपको लागि अदालत समक्ष पेश गरिएकोमा म्याद थपको औचित्य पुष्टि गर्न आवश्यक भएमा सम्बन्धित सरकारी वकिलले बहस पैरवी गर्नु पर्ने,

(छ) कसूरको अनुसन्धानको सन्दर्भमा कुनै व्यक्तिलाई हिरासतमा राखी अनुसन्धान गर्नको लागि अदालतबाट म्याद थप भएको अवधिभित्र प्रभावकारी रुपमा अनुसन्धान कार्य पूरा गरी सम्भव भएसम्म छोटो अवधि हिरासतमा राख्ने तर्फ अनुसन्धान अधिकारी र सरकारी वकिलले ध्यान दिनु पर्ने,

(ज) संहिताको दफा १४ को उपदफा (७) बमोजिम संयुक्त प्रतिवेदन दिने प्रयोजनका लागि अनुसन्धान अधिकारीले प्रतिवेदनको मस्यौदा तयार गरी त्यसको विद्युतीय प्रति समेत सम्बन्धित सरकारी वकिल समक्ष पेश गर्नु पर्ने र यसरी प्राप्त प्रतिवेदनको मस्यौदामा सम्बन्धित सरकारी वकिलले आवश्यक परिमार्जन गरी आफू र अनुसन्धान अधिकारीको समेत दस्तखत गराई अदालतमा पेश गर्नु पर्ने।

१७. <u>हाजिर जमानी दिने व्यक्तिलाई कागज गराउने</u>: (१) संहिताको दफा १५ को उपदफा (१) बमोजिम हाजिर जमानीमा छोड्दा हाजिर जमानी दिने व्यक्तिलाई आफूले हाजिर जमानीमा लिएको व्यक्तिलाई खोजी भएका बखत उपस्थित नगराएमा सोही दफाको उपदफा (४) बमोजिम पचास हजार रुपैयाँसम्म



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

जरिबाना हुन सक्ने व्यहोरा मञ्जुर छ भन्ने उल्लेख गरी अनुसन्धान अधिकारीले कागज गराउनु पर्नेछ।

(२) हाजिर जमानीमा लिएको व्यक्तिलाई उपस्थित गराउनुपर्ने अवस्था भएमा अनुसन्धान अधिकारी वा सरकारी वकिलले त्यस्तो व्यक्ति उपस्थित गराउनुपर्ने दिनभन्दा कम्तीमा सात दिन अघि त्यस्तो व्यक्तिलाई उपस्थित गराउनुपर्ने स्थान र मिति तोकी लिखित रुपमा हाजिर जमानी लिने व्यक्तिलाई सूचना दिई सोको निस्सा मिसिलमा राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना दिएकोमा हाजिर जमानी लिने व्यक्तिले उक्त सूचनामा उल्लिखित मिति र स्थानमा उपस्थित गराउनुपर्ने व्यक्तिलाई उपस्थित गराउन नसकेमा अनुसन्धान अधिकारीले आधार र कारण खुलाई पर्चा खडा गरी त्यस्तो हाजिर जमानी लिने व्यक्तिलाई संहिताको दफा १५ को उपदफा (४) बमोजिम जरिबाना गर्न सक्नेछ। त्यसरी गरिएको जरिबानाको रकम प्रचलित कानून बमोजिम असूल गरी नेपाल सरकारको राजस्व खातामा दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम जरिबाना गरेको निर्णयको पर्चा र असूल गरिएको जरिबाना राजस्व खातामा दाखिला गरेको निस्सा मिसिलमा संलग्न गर्नु पर्नेछ।

१८. <u>धरौटी वा जमानत लिने, हाजिर जमानीमा छाड्ने तथा तत्सम्बन्धी अन्य कार्यविधि:</u> (१) संहिताको दफा १५ तथा नियमावलीको नियम २०, २१ र २५ मा भएको व्यवस्था बमोजिम धरौट वा जमानत वा हाजिर जमानीमा छोड्दा नगद धरौट राखेकोमा सो रकम कार्यालयको धरौट खातामा जम्मा गरी सोको निस्सा र बैङ्क जमानत वा जेथा जमानत राखेकोमा सो सम्बन्धी कागजात मिसिल सामेल राख्नु पर्नेछ।

(२) संहिताको दफा १५ तथा नियमावलीको नियम २०,२१ र २५ तथा उपदफा (१) बमोजिम हिरासत मुक्त गरिएको वा धरौट, जमानत वा जिम्मा जमानीमा छोडिएको व्यक्तिलाई अनुसन्धान गर्दै जाँदा प्राप्त हुन आएका थप सबुद प्रमाणको आधारमा हिरासतमा राख्न आवश्यक देखिएमा मुद्दा हेर्ने अधिकारीको अनुमतिले हिरासतमा राखी अनुसन्धान गर्न सकिनेछ।

(३) अनुसन्धानको क्रममा धरौट, जमानत वा बैङ्क ग्यारेन्टी लिइएको व्यक्तिको हकमा मुद्दा नचल्ने निर्णय भएकोमा वा मुद्दा चलाएकोमा अदालतबाट थुनछेक आदेश भएपछि सो आदेशबाट रोक्का राख्न भनिएको अवस्थामा बाहेक त्यस्तो धरौट, जमानत वा बैङ्क ग्यारेन्टी तुरून्त फिर्ता वा फुकुवा गरिदिनु पर्नेछ।

१९. <u>अभियुक्तको बयान लिने:</u> (१) प्रचलित कानूनमा अभियुक्तको बयान लिने सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा बाहेक संहिताको अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूरको सम्बन्धमा अनुसन्धान अधिकारीले देहाय बमोजिम सरकारी वकिल समक्ष बयान लिनु पर्नेछ:-

(क) अनुसन्धानको मिसिल र अभियुक्त साथै लिई अनुसन्धान अधिकारी आफैं सरकारी वकिल कार्यालयमा उपस्थित हुने,

(ख) बयानको लागि उपस्थित गराइएको अभियुक्त शारीरिक वा मानसिक रुपमा बयान दिन सक्ने वा नसक्ने यकिन गरी बयान दिन सक्ने भएमा मात्र बयान लिने कार्य शुरु गर्ने,

(ग) बयान शुरु गर्नुपूर्व सम्बन्धित अभियुक्तलाई निजले अभियुक्तको हैसियतमा प्राप्त गर्ने अधिकारको बारेमा जानकारी गराउने,

(घ) बयान गराइने अभियुक्तले नेपाली भाषा नबुझ्ने भएमा दोभाषेको सेवा उपलब्ध गराउने,

(ङ) एउटा अभियुक्तले गरेको बयान अर्को अभियुक्तले सुन्न नपाउने गरी गराउने,

(च) अभियुक्तले बयान गर्दा स्थानीय भाषामा अर्थबोध हुने गरी उल्लेख गरेको कुरालाई सोही अर्थबोध हुने गरी लेखबद्ध गर्ने,

(छ) बयानको लागि उपस्थित गराइएका अभियुक्तलाई निजको स्वेच्छाले बाहेक बयान दिन बाध्य नगर्ने,

(ज) आफूले गरेको कसूर स्वीकार गरेमा वा प्रमाण सङ्कलनमा मद्दत गरेमा हुनसक्ने सजायमा छुट वा कमीको बारेमा जानकारी गराउने र यसरी जानकारी गराउँदा कसूर नगरेकोमा गरेको भनी वा एउटा कसूर गरेकोमा अर्को कसूर गरेको भनी सावित हुन उत्प्रेरित नगर्ने,

(झ) कसूरसँग सम्बन्धित खुलाउनु पर्ने आवश्यक कुराको छोटा छोटा सबाल राखी अनुसूची-२ बमोजिमको ढाँचामा बयान लेखबद्ध गर्ने,

(ञ) बयानमा अभियुक्तको नाम, थर, उमेर, वतन, तीनपुस्ते र सोलाई पुष्टि हुने अभियुक्तको आधिकारिक प्रमाणको प्रतिलिपि र सम्भव भएसम्म अभियुक्तको फोटो समेत मिसिल संलग्न गरी अभियुक्तको औंठाछाप र दस्तखत गराउने,

(ट) अभियुक्त र निजको एकासगोलको परिवारका नाममा रहेको सम्पत्ति र आयआर्जन सम्बन्धी स्पष्ट विवरण खुलाउने,

(ठ) अभियुक्तको शैक्षिक योग्यता, पेशा तथा सामाजिक साँस्कृतिक पृष्ठभूमी समेत खुलाउने,

(ड) प्रचलित कानून बमोजिम गोपनीयता कायम राख्नु पर्ने मुद्दामा अभियुक्तको परिचयात्मक विवरण गोप्य राख्ने,

(ढ) मुद्दासँग असम्बन्धित प्रश्न नसोध्ने,

(ण) संहिताको दफा १६ को उपदफा (६) बमोजिम श्रव्य दृष्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट बयान लिएको वा सोधपुछ गरेकोमा अनुसन्धान अधिकारीले सोको अभिलेख राख्ने व्यवस्था गर्नु पर्ने।

(२) देहायको अवस्थामा अभियुक्तको पुनः बयान (ततिम्बा) गराउन सकिनेछः-

(क) मुद्दामा कुनै नयाँ तथ्य वा प्रमाण फेला परेमा,

(ख) पहिले गराएको बयानमा नखुलेका कुरा खुलाउनु परेमा।

(३) उपदफा (२) बमोजिम पुनः बयान गराउँदा पहिले सोधिएको प्रश्न पुनः सोध्न पाइने छैन।

(४) यस दफा बमोजिम अभियुक्तको बयान गराउँदा निजले सवालको जवाफ नदिएमा सोध्नु पर्ने आवश्यक सवाल लेखबद्ध गरी सम्बन्धित सवालको जवाफमा जवाफ दिन इन्कार गरेको व्यहोरा उल्लेख गरी सम्बन्धित अधिकारीले प्रमाणित गर्नु पर्नेछ।

२०. कसूरको सम्बन्धमा महत्वपूर्ण कुरा थाहा पाउने व्यक्तिको कागज गराउनेः मुद्दासँग सम्बन्धित कुनै कसूरको सम्बन्धमा कुनै महत्वपूर्ण कुरा थाहा छ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएको व्यक्तिसँग संहिताको दफा १६ को उपदफा (३) र (४) बमोजिम सोधपुछ गरी कागज गराउँदा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) कागज गर्ने व्यक्तिलाई छिटो र उपयुक्त माध्यमबाट कार्यालयमा उपस्थित गराई वा आवश्यकता अनुसार त्यस्ता व्यक्ति समक्ष गई गोप्यता कायम हुने गरी सोधपुछ गर्ने,

(ख) सोधपुछ वा कागज गर्नु पर्ने व्यक्ति अस्पताल वा स्वास्थ्य संस्थामा भर्ना भई उपचार गराई रहेको अवस्थामा सोधपुछ वा कागज गर्नु परेमा अस्पतालका कर्मचारी, परिवारका सदस्य वा संरक्षकको रोहबरमा गर्नु पर्ने,

तर परिवारका सदस्य वा संरक्षकको उपस्थितिमा पीडित लगायतका साक्षीले बयान कागज गर्न असहज मान्ने अवस्थामा निजले रोजेको व्यक्तिको उपस्थितिमा कागज गराउनु पर्नेछ।

(ग) घटना विवरण कागज गर्ने प्रति कुनै आग्रह, पूर्वाग्रह वा निजको व्यक्तिगत चरित्रका सम्बन्धमा कुनै सवाल गर्न नहुने,

(घ) कसूरबाट पीडित व्यक्तिसँग सोधपुछ गरी कागज गराउँदा अन्य कुराका अतिरिक्त घटनापछि कसूर गर्ने व्यक्तिबाट कुनै डर, धम्की, दबाब वा प्रभाव आए वा नआएको कुरा तथा पीडितले दाबी गरेको क्षतिपूर्ति समेत यकिन हुने गरी जवाफ लिनु पर्ने,



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(ङ) कागज गराउनु पर्ने व्यक्तिलाई सोधेको प्रश्नको जानेसम्मको सत्य तथ्य कुरा बताउन अभिप्रेरित गरी कागज गराउने,

तर आफू उपर कुनै कसूरको अभियोग लाग्न सक्ने किसिमको जवाफ दिन कुनै व्यक्तिलाई कर गर्नु हुँदैन।

(च) मुद्दासँग असम्बन्धित कुरा नसोध्ने,

(छ) घटना देख्ने, जान्ने वा थाहा पाउने व्यक्ति बालबालिका, हिँडडुल गर्न नसक्ने, दृष्टिविहीन वा वृद्ध अवस्था जस्ता शारीरिक रुपमा असमर्थ व्यक्ति भएमा निज रहे बसेकै ठाउँमा गई सोधपुछ गरी कागज गराउने।

२१. श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट सोधपुछ गर्न सक्ने: (१) संहिताको दफा १६ को उपदफा (६) र नियमावलीको नियम २२ बमोजिम देहायको अवस्थामा अनुसन्धान अधिकारीले कसूर पीडित, जाहेरवाला वा साक्षीको कागज वा कुनै लिखत सरकारी वकिलको रोहबरमा श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट अभिलेखीकरण गर्न सक्नेछ:-

(क) घटना विवरण कागज गराउनु पर्ने व्यक्ति शारीरिक अस्वस्थता वा बालबालिका भएको कारणले अनुसन्धान अधिकारी समक्ष उपस्थित हुन नसक्ने भएमा वा त्यस्तो व्यक्तिको सुरक्षाको कारणले निजलाई अनुसन्धान अधिकारी समक्ष उपस्थित गराउन उपयुक्त नदेखिएमा,

(ख) कसूर पीडित, जाहेरवाला वा घटनाका सम्बन्धमा महत्वपूर्ण कुरा देख्ने वा थाहा पाउने कुनै साक्षीलाई अभियुक्तले अनुचित प्रभावमा पारी वा निज उपर डर, त्रास धम्की देखाई निजलाई अदालतमा उपस्थित हुन नदिने वा अदालतमा उपस्थित भए पनि सत्यतथ्य कुरा व्यक्त नगर्नका लागि बाध्य गराउन सक्ने मनासिब कारण भएमा,

(ग) प्रमाणको रुपमा अदालतमा पेश गरिने वस्तु सो वस्तु रहेको ठाउँबाट उठाएर अदालतमा ल्याउन नसकिने भएमा।

(२) उपदफा (१) बमोजिम श्रव्य दृश्यको माध्यमबाट गरेको बयान तथा सोधपुछको अभिलेखीकरण गर्दा पछि त्यस्तो श्रव्य दृश्य सामग्री फेरबदल गर्न नसकिने प्रबन्ध मिलाउनु पर्नेछ।

२२. भौतिक प्रमाण परीक्षण: भौतिक प्रमाण परीक्षण सम्बन्धमा संहिताको दफा २१ र नियमावलीको नियम २४ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम गर्नु पर्नेछ:-

(क) वैज्ञानिक वा प्रयोगशाला परीक्षण गर्नु पर्ने भौतिक सबुदको नमूना सङ्कलन गर्दा प्रयोगशालामा परीक्षणको लागि आवश्यक पर्ने परिमाण सुरक्षित ढङ्गले प्याकिङ्ग गरी परीक्षण गर्दा व्यक्तिको गोपनीयता कायम गर्न कोड नम्बर राखी परीक्षण गर्न पठाउनु पर्ने,



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(ख) कुनै भौतिक वस्तुको नमूना सङ्कलन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्ति वा निजको संरक्षकको मञ्जुरी लिनुपर्ने भए रितपूर्वक मञ्जुरीनामाको कागज गराई मिसिल सामेल राख्नु पर्ने,

(ग) खण्ड (क) बमोजिम भौतिक वस्तुको नमूना सङ्कलन र सुरक्षित तवरले प्याकिङ्ग गर्नको लागि अनुसन्धान अधिकारीले आवश्यकता अनुसार विशेषज्ञको सहयोग लिन सक्ने,

(घ) अनुसन्धान अधिकारीले कुनै भौतिक वस्तु परीक्षणको लागि पठाउँदा परीक्षणबाट खुलाउनु पर्ने विषय स्पष्ट रूपमा उल्लेख गरी परीक्षण गर्नु पर्ने भौतिक वस्तुको रीतपूर्वक र सुरक्षित तवरले सङ्कलन गरिएको नमूना र त्यस्तो वस्तु परीक्षण गर्न कुनै दस्तुर वा शुल्क लाग्ने रहेछ भने सो समेत सम्बन्धित प्रयोगशाला वा विशेषज्ञ समक्ष बुझाई भरपाई मिसिल सामेल राख्नु पर्ने,

(ङ) परीक्षणको लागि प्राप्त भएको नमूनालाई सम्बन्धित प्रयोगशाला वा विशेषज्ञले प्राथमिकताका साथ खण्ड (च) बमोजिम खुलाउनु पर्ने कुरामा केन्द्रीत रही परीक्षण गरी नियमावलीको नियम २४ को उपनियम (१) मा उल्लिखित ढाँचा बमोजिम सम्पूर्ण विवरण खुलाई यथाशीघ्र गोप्य रुपमा सम्बन्धित अनुसन्धान अधिकारीलाई उपलब्ध गराउनु पर्ने,

(च) भौतिक वस्तु परीक्षणको लागि लाग्ने खर्च सम्बन्धित कार्यालयले अनुसन्धान अधिकारीलाई उपलब्ध गराउनु पर्ने र अनुसन्धान अधिकारीले आफ्नै खर्चमा यस्तो परीक्षण गराएको भए सम्बन्धित कार्यालयले त्यस्तो रकम निजलाई सोधभर्ना दिनु पर्ने।

## परिच्छेद-४

## अनुसन्धान सम्बन्धी अन्य व्यवस्था

२३. विशेष अवस्थाका अभियुक्त भएका मुद्दामा अनुसन्धान सम्बन्धी थप व्यवस्थाः बालबालिका, महिला र अपाङ्गता भएको व्यक्ति अभियुक्त भएका कसूरमा अनुसन्धान गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) बालबालिका संलग्न भएका कसूरमा अनुसन्धान गर्दाः-

(१) कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई नियन्त्रणमा नलिई नहुने अवस्थामा मात्र नियन्त्रणमा लिने र यसरी नियन्त्रणमा लिएकोमा सोको जानकारी बालबालिकाको परिवारको सदस्य, संरक्षक वा नजिकको नातेदार र स्थानीय तहको बालकल्याण अधिकारीलाई समेत दिनु पर्ने,

(२) नाबालिगलाई नियन्त्रणमा लिनुअघि वा नियन्त्रणबाट छाड्दा अभिभावक वा संरक्षकको रोहबरमा स्वास्थ्य परीक्षण गराई स्वास्थ्य परीक्षण

प्रतिवेदनको एकप्रति निजको अभिभावक वा संरक्षकलाई उपलब्ध गराउनु पर्ने,

(३) नियन्त्रणमा लिइएका कानूनको विवादमा परेका बालबालिकालाई हिरासतमा नराखी नहुने भएमा निगरानी कक्ष वा छुट्टै कक्षमा बालमैत्री वातावरणमा राख्नु पर्ने,

(४) कानूनको विवादमा परेका बालबालिका संलग्न भएका मुद्दामा अन्य अनुसन्धान कार्य प्रारम्भ गर्नुअघि निजहरुको उमेर यकिन गर्ने आधिकारिक कागजात प्राप्त गर्नु पर्ने,

(५) उपखण्ड (४) बमोजिमको कागजबाट कसूरमा संलग्न व्यक्ति बालबालिका रहेको देखिएमा छुट्टै मिसिल खडा गरी अनुसन्धान गर्न नेपाल सरकारबाट गठित छुट्टै एकाई वा त्यस्तो एकाई गठन नभएकोमा बाल न्याय सम्बन्धी तालिम प्राप्त प्रहरी वा अन्य कर्मचारीबाट अनुसन्धान कार्य अगाडि बढाउनु पर्ने,

(६) निगरानी कक्षमा रहेका बालबालिकालाई सम्भव भएसम्म बाल मनोविज्ञ वा बालहित सम्बन्धी काम गर्ने व्यक्तिसँग सम्पर्क गराई आवश्यक परामर्श सेवा उपलब्ध गराउनु पर्ने,

(७) बालबालिकालाई सोधपुछ तथा बयान गराउँदा निजले चाहेको भाषामा, आवश्यकता अनुसार दोभाषेको समेत सहयोग लिई सादा पोशाक लगाएका प्रहरीबाट गर्नु पर्ने,

(८) बालबालिकालाई सोधपुछ गर्दा रोहबरमा बस्ने अभिभावक वा संरक्षकलाई जानकारी दिई सँगै उपस्थित गराउनु पर्ने,

(९) उपखण्ड (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि अभिभावक वा संरक्षकको उपस्थितिबाट बालकको हित नहुने भन्ने मनासिब आधार भएमा अन्य व्यक्तिको रोहबरमा बालबालिकालाई सोधपुछ गर्न सकिने,

(१०) बालबालिकासँग सोधपुछ गर्दा निजले डर नमानी स्वतन्त्र रूपमा सोधिएको कुराको उत्तर दिन सक्ने बालमैत्री वातावरण बनाई सहज ढङ्गमा सोधपुछ गर्नु पर्ने,

(११) बालबालिकालाई कानून बमोजिम दिशान्तर गर्ने तर्फ क्रियाशील रहनु पर्ने,

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(१२) बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा भएको व्यवस्था पालना गर्ने।

(ख) महिला संलग्न भएका कसूरमा अनुसन्धान गर्दा:-

(१) कुनै महिलालाई सोधपुछ गरी कागज गराउनु पर्दा उपलब्ध भएसम्म महिला कर्मचारी वा कुनै समाजसेवी महिलाको रोहबरमा गराउनु पर्ने,

(२) बयान वा कागज गराउँदा महिलामैत्री वातावरणमा निजको सामाजिक, साँस्कृतिक तथा धार्मिक सम्मान, मर्यादा र प्रतिष्ठामा प्रतिकूल असर नपर्ने गरी गराउनु पर्ने,

(३) अनुसन्धान कारबाही गर्दा महिलासँग ठट्टा मस्करी वा अनावश्यक सोधपुछ नगरी सभ्य, शिष्ट तथा सम्मानजनक भाषाको प्रयोग गर्नु पर्ने,

(४) महिलाको बयान कागज गराउँदा निजको बाबु र आमाको तथा विवाहित महिलाको बयान कागज गराउँदा निजको पति, बाबु, आमा, सासु र ससुरा समेतको नाम खुलाउनु पर्ने,

(५) बयान लिँदा वा कागज गराउँदा गोपनीयता भङ्ग नहुने गरी गर्नु पर्ने,

(६) हिरासतमा राख्नुपर्ने भएमा महिलामैत्री वातावरणमा अलग कक्षमा राख्नु पर्ने।

(ग) अपाङ्गता भएका व्यक्ति संलग्न भएका कसूरमा अनुसन्धान गर्दा:-

(१) अपाङ्गमैत्री वातावरणमा निजको मर्यादामा आँच नआउने गरी सोधपुछ गरी बयान कागज गराउनु पर्ने,

(२) बयानका लागि उपस्थित गराइएको अभियुक्त बोल्न असमर्थ भएमा साङ्केतिक भाषा बुझ्ने मान्यता प्राप्त व्यक्ति र अभिभावक वा संरक्षकलाई जानकारी दिई सँगै उपस्थित गराई ईशारा वा सङ्केत बुझ्ने व्यक्तिलाई रोहबरमा राखी निजले सङ्केत वा ईशारा गरे बमोजिम लिपिबद्ध गर्नु पर्ने,

(३) अपाङ्गताको अवस्था खुल्ने आधिकारिक प्रमाण मिसिल सामेल राख्नु पर्ने।

२४. <u>अनुसन्धान गर्दा गोपनीयता कायम गर्ने:</u> (१) कसूरका पीडित, साक्षी तथा अभियुक्तको विवरण सार्वजनिक नगर्दा सार्वजनिक शान्ति तथा सुव्यवस्थामा प्रतिकूल असर पर्ने अवस्थामा बाहेक अनुसन्धान वा अभियोजन गर्ने निकाय वा अधिकारीले कुनै पनि कसूरका पीडित, साक्षी तथा अभियुक्तको विवरण सार्वजनिक गर्नु हुँदैन।

(२) देहायको अवस्थामा अनुसन्धान प्रतिवेदन तथा अभियोगपत्र तयार गर्दा वा मुद्दा सम्बन्धी अन्य काम कारबाही गर्दा पीडित, साक्षी तथा अभियुक्तको परिचयात्मक विवरण गोप्य राख्नु पर्नेछ:-



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(क) कुनै खास कसूरबाट पीडित वा साक्षीको परिचय सार्वजनिक गर्दा त्यस्तो व्यक्ति वा साक्षीको सामाजिक प्रतिष्ठा वा इज्जतमा प्रतिकूल प्रभाव पर्न सक्ने भएमा,

(ख) पीडित वा साक्षी उपर अभियुक्त वा अन्य कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने भएमा,

(ग) निजको जीउ ज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने देखिएमा,

(घ) आरोप लागेको व्यक्ति कानूनको विवादमा परेका बालबालिका भएमा,

(ङ) अभियुक्त वा कागज गर्ने अन्य कुनै व्यक्तिको परिचयात्मक विवरण गोप्य नराख्दा परिचयात्मक विवरण गोप्य राख्नु पर्ने अवस्थाका पीडित वा साक्षीको परिचयात्मक विवरण गोप्य रहन नसक्ने अवस्था भएमा।

(३) उपदफा (२) बमोजिम परिचयात्मक विवरण गोप्य राखिएकोमा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) अनुसन्धान र अभियोजन सम्बन्धी कार्य गर्दा साङ्केतिक नामबाट गर्ने,

(ख) परिचयात्मक विवरणको गोपनीयता कायम राख्न सरकारी वकिलमार्फत अदालतमा अनुरोध गर्ने।

२५. पुनः अनुसन्धान गर्नेः (१) देहायको अवस्थामा सरकारी वकिलले पुनः अनुसन्धान गर्न सम्बन्धित अनुसन्धान अधिकारीलाई लेखी पठाउन सक्नेछः-

(क) नेपाल सरकार वादी हुने मुद्दा सम्बन्धी कसूरमा प्रमाणको अभावमा मुद्दा नचलाउने गरी महान्यायाधिवक्ता वा निजबाट अख्तियार प्राप्त सरकारी वकिलबाट निर्णय भएकोमा पछि कुनै महत्वपूर्ण प्रमाण प्राप्त भएमा त्यस्तो कसूरका सम्बन्धमा पुनः अनुसन्धान गरी कारबाही प्रक्रिया अगाडि बढाउनु पर्ने भएमा,

(ख) अभियोगपत्र पेश गरिसकेपछि कुनै अभियुक्तले अदालतमा बयान गर्दा अनुसन्धान अधिकारी समक्ष गरेको बयानभन्दा फरक जिकिर लिएको विषयमा पुनः अनुसन्धान गरी यकिन हुन आवश्यक भएमा।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम पुनः अनुसन्धान गर्नु पर्ने अवस्था भएमा सम्बन्धित सरकारी वकिलले अदालतको अनुमति लिनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिम पुनः अनुसन्धान गरी थप सबुद प्रमाण सङ्कलन गरिएकोमा मूल मुद्दामा प्रमाण मुकरर आदेश हुनुभन्दा पहिले नै सो सबुद प्रमाण अदालत समक्ष पेश गर्नु पर्नेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

२६. <u>पीडित प्रभाव प्रतिवेदनः</u> (१) कसूर पीडितलाई क्षतिपूर्ति भराउन अदालतमा मागदाबी लिने प्रयोजनका लागि अनुसन्धान अधिकारीले सम्बन्धित कसूर पीडित वा निजको अभिभावक, संरक्षक वा कानून बमोजिमको प्रतिनिधिबाट अनुसूची-३ बमोजिमको ढाँचामा पीडित प्रभाव प्रतिवेदन प्राप्त गरी मिसिल सामेल राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको पीडित प्रभाव प्रतिवेदनमा कसूरको कारण आफूलाई प्रत्यक्ष रूपमा परेको क्षति वा प्रभावको उल्लेख गरी त्यस्तो क्षति वा प्रभाव पुष्टि हुने कागजात समेत संलग्न गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको पीडित प्रभाव प्रतिवेदन अभियोगपत्र दायर हुनु अगावै सम्बन्धित सरकारी वकिल कार्यालयमा पीडित वा निजको तर्फबाट पेश गर्न सकिनेछ।

तर काबु बाहिरको परिस्थिति परी अदालतमा अभियोगपत्र दायर हुनु अगावै पीडित प्रभाव प्रतिवेदन पेश गर्न नसकेमा त्यस्तो परिस्थिति परेको प्रमाण संलग्न गरी अभियोगपत्र दायर भएको मितिले एक महिनाभित्र पीडित प्रभाव प्रतिवेदन पेश गर्न सकिनेछ।

(४) यस दफा बमोजिम सरकारी वकिल कार्यालयमा पेश गरेको पीडित प्रभाव प्रतिवेदन अभियोगपत्रसाथ अदालतमा दर्ता गर्नु पर्नेछ र अभियोगपत्र दर्ता गरिसकेको भए प्रतिवेदन प्राप्त भएको तीन दिनभित्र सम्बन्धित अदालतमा पेश गर्नु पर्नेछ।

(५) पीडित प्रभाव प्रतिवेदन तयार गर्ने सम्बन्धमा सम्बन्धित कसूर पीडित वा निजको अभिभावक, संरक्षक वा कानून बमोजिमको प्रतिनिधिलाई आवश्यक सहयोग वा माग भएको कागजात उपलब्ध गराउनु सम्बन्धित अनुसन्धान अधिकारी तथा सरकारी वकिलको कर्तव्य हुनेछ।

२७. <u>विद्युतीय माध्यमबाट लिखतको आदान प्रदान गर्न सकिनेः</u> यस निर्देशिका बमोजिम कसूरको अनुसन्धान गरी सबुद प्रमाण सङ्कलन गर्दा आवश्यकता अनुसार विद्युतीय माध्यमबाट समेत लिखतको आदान प्रदान गर्न सकिनेछ।

२८. <u>अनुसन्धानमा राय, सल्लाह माग गर्न सक्नेः</u> (१) संहिताको दफा २६ बमोजिम अनुसन्धान अधिकारीले सरकारी वकिलको राय, सल्लाह माग गर्दा राय, सल्लाह माग गरिएको विषय स्पष्ट रुपमा खुलाई सम्बन्धित मिसिल साथै राखी आफ्नो धारणा समेत उल्लेख गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राय, सल्लाह माग भएकोमा सम्बन्धित सरकारी वकिलले प्राप्त मिसिल तथा राय, सल्लाह माग भएको विषय अध्ययन गरी राय, सल्लाह दिनुपर्ने वा नपर्ने कुरा यकिन गरी राय, सल्लाह दिनुपर्ने देखिएमा प्रचलित कानूनको अधीनमा रही राय, सल्लाह दिई र राय, सल्लाह दिनु नपर्ने देखिएमा सोही व्यहोरा जानकारी गराई सोको अभिलेख राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम राय, सल्लाह दिनुअघि सरकारी वकिलले देहायका कुरा विचार गर्नु पर्नेछः-

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(क) राय, सल्लाह माग गर्ने कार्यालय वा अधिकारी कसूरको अनुसन्धान गर्ने कार्यालय वा अधिकारी भए वा नभएको,

(ख) अनुसन्धान अधिकारीबाट राय, सल्लाह माग भए वा नभएको,

(ग) राय, सल्लाह माग गरिएको विषय कसूरको अनुसन्धानसँग सम्बन्धित भए वा नभएको,

(घ) राय, सल्लाह माग गरिएको विषयसँग सम्बन्धित सम्पूर्ण विवरण मिसिल कागजात संलग्न गरी पठाए वा नपठाएको,

(ङ) राय, सल्लाह माग गर्ने कार्यालय वा अधिकारीले राय सल्लाह माग गरिएको विषयमा आफ्नो दृष्टिकोण दिए वा नदिएको,

(च) यसअघि सोही विषयमा राय, सल्लाह दिए वा नदिएको।

(४) सरकारी वकिलले देहायको अवस्थामा अनुसन्धान अधिकारीलाई राय, सल्लाह दिन इन्कार गर्न सक्नेछः-

(क) राय, सल्लाह माग गर्ने कार्यालय वा अधिकारी कसूरको अनुसन्धान गर्ने कार्यालय वा अधिकारी नभएमा,

(ख) राय, सल्लाह माग भएको विषय कसूरको अनुसन्धानसँग सम्बन्धित नभएमा,

(ग) राय, सल्लाह माग गरिएको विषयसँग सम्बन्धित फाइल कागजात संलग्न नभएमा,

(घ) राय, सल्लाह माग गरिएको विषयमा सोही अधिकारीलाई सोही विषयमा पहिले राय सल्लाह दिएको भएमा,

(ङ) राय, सल्लाह माग गरिएको विषयमा अनुसन्धान अधिकारी वा कार्यालयको दृष्टिकोण उल्लेख नभएमा,

(च) काल्पनिक वा नीतिगत विषयमा राय, सल्लाह माग गरिएकोमा।

## परिच्छेद-५

## अनुसन्धान प्रतिवेदन

२९. अनुसन्धान प्रतिवेदन पेश गर्नु पर्नेः संहिताको दफा ३१ को अधीनमा रही अनुसन्धान अधिकारीले सरकारी वकिल कार्यालय समक्ष पेस गर्नु पर्ने अनुसन्धान प्रतिवेदनमा देहायका कुरा समेत खुलाउनु पर्नेछः-

(क) अभियुक्तको पूरा नाम, थर, वतन सहितको स्पष्ट पहिचान विवरण खुलेका कागजात,



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ख) पक्राउ परेको र फरार रहेका प्रत्येक अभियुक्तको सम्बन्धमा निजले गरेको कसूरजन्य कार्य, सोसँग सम्बन्धित कानून र प्रत्येक अभियुक्तले गरेको कसूरको लागि पृथक-पृथक विवरण,

(ग) पक्षको गोपनीयता कायम राख्नु पर्ने मुद्दामा पीडितको नाम, थर सहितको विवरण खुलेका कागजातको छुट्टै खामबन्दी,

(घ) मुद्दा पेश वा दर्ता गर्नु पर्ने म्याद वा हदम्याद सम्बन्धी व्यहोरा,

(ङ) अपराध अनुसन्धानको सिलसिलामा प्रचलित कानून बमोजिम बरामद गरी नियन्त्रणमा लिएको नगद, जिन्सी, चीज, वस्तु तथा साधनको विवरण,

(च) अनुसन्धानको क्रममा सङ्कलन गरेको भौतिक सबुद प्रमाणको विश्लेषण,

(छ) प्रचलित कानून तथा सान्दर्भिक नजीर,

(ज) अपराध अनुसन्धानको क्रममा सरकारी वकिलसँग भएको सम्पर्क, समन्वय र निर्देशनको व्यहोरा,

(झ) अभियुक्त उपरको कसूर प्रमाणित गर्ने आधार, कारण र सम्बद्ध सबुद प्रमाण,

(ञ) मुद्दा नचलाउने गरी प्रस्ताव गरिएको भए त्यसको आधार र कारण,

(ट) लगातार सुनुवाइको प्रक्रिया अवलम्बन गर्नु पर्ने अवस्था भए सो सम्बन्धी विवरण।

३०. <u>अनुसन्धान प्रतिवेदनको अध्ययन तथा निर्देशनः</u> (१) कसूरको अनुसन्धान पश्चात अनुसन्धान अधिकारीबाट पेश भएको अनुसन्धान प्रतिवेदन सहितको मिसिल सम्बन्धित सरकारी वकिलले अध्ययन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मिसिल अध्ययन गर्दा सरकारी वकिलले देहायका कुरामा विचार गर्नु पर्नेछः-

(क) अनुसन्धान तहकिकात पूरा गरी म्यादभित्रै अनुसन्धान प्रतिवेदन प्राप्त भएको वा नभएको,

(ख) अनुसन्धान प्रतिवेदनमा उल्लिखित प्रस्तावका सम्बन्धमा मुद्दा दायर गर्ने हदम्याद बाँकी रहेको वा नरहेको,

(ग) अनुसन्धान अधिकारीले अनुसन्धान तहकिकात गर्दा पूरा गर्नु पर्ने कार्यविधि तथा प्रक्रिया अवलम्बन गरेको वा नगरेको,

(घ) अनुसन्धान तहकिकातबाट सङ्कलित सबुद प्रमाण मुद्दा दायर गर्न पर्याप्त भएको वा नभएको,



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ङ) पर्याप्त सबुद प्रमाणको अभाव भएको वा सङ्कलन गर्नु पर्ने सबुद प्रमाण सङ्कलन गर्न बाँकी रहेको देखिएमा अनुसन्धान अधिकारीलाई थप सबुद प्रमाण बुझ्ने वा सङ्कलन गर्ने सम्बन्धमा कुनै निर्देशन दिनु पर्ने अवस्था रहेको वा नरहेको,

(च) अनुसन्धान प्रतिवेदनमा उल्लिखित सबुद प्रमाण तथा दसीका सामान खोजेका बखत पेश गर्न सकिने गरी रहेको वा नरहेको,

(छ) अनुसन्धानको क्रममा सरकारी वकिलले कुनै निर्देशन दिएको वा नदिएको र दिएको भए सो निर्देशन पालना भएको वा नभएको।

परिच्छेद-६

अनुसन्धानमा दोभाषेको प्रयोग

३१. दोभाषेको सेवा लिन सकिने: कसूरको अनुसन्धानको सिलसिलामा नेपाली भाषा नबुझ्ने अभियुक्त, कसूर पीडित लगायतका साक्षीको बयान वा कागज गराउँदा त्यस्तो व्यक्तिको कथन नेपाली भाषामा रुपान्तर गर्न र मुद्दाको काम कारबाहीको सम्बन्धमा कसूर पीडितलाई निजले बुझ्ने भाषामा जानकारी गराउन अनुसन्धान अधिकारीले दोभाषेको सेवा लिन सक्नेछ।

३२. दोभाषेको सेवा लिन भाषाको छनोट गर्ने: कसूरको अनुसन्धान गर्दा सोधपुछ गरी बयान गराउनु पर्ने अभियुक्त, कसूर पीडित वा बालबालिकाको हकमा निजको परिवारका सदस्य वा संरक्षकले नेपाली भाषा बुझ्न वा बोल्न नसक्ने भएमा त्यस्ता व्यक्तिले बोल्ने वा बुझ्ने आवश्यक भाषाको छनोट सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको समन्वयमा अनुसन्धान गर्ने निकायको प्रमुखले गर्नु पर्नेछ।

३३. सूची तयार गर्नु पर्ने: दफा ३१ बमोजिम दोभाषेको सेवा दिने प्रयोजनका लागि सम्बन्धित कार्यालयले दोभाषेको सेवा आवश्यक पर्न सक्ने सम्भावित भाषा छनोट गरी त्यस्तो भाषामा दोभाषे सेवा प्रदान गर्न सक्ने व्यक्तिको सूची (रोष्टर) तयार गर्नु पर्नेछ।

३४. दोभाषेको योग्यता: दफा ३३ बमोजिम दोभाषेको सूचीमा सूचीकृत हुन देहायको योग्यता पुगेको हुनु पर्नेछ:-

(क) स्थानीय विद्यालय वा महाविद्यालय वा कानून बमोजिम स्थापित कुनै शैक्षिक संस्थामा शिक्षक वा प्रशिक्षकको रुपमा त्यस्तो भाषाको अध्यापन गरेको,

(ख) त्यस्तो भाषा सम्बन्धी विषय अध्ययन गरेको वा तालिम लिएको वा त्यस्तो भाषाको ज्ञान भएको, वा

(ग) अन्य निकायमा दोभाषेको रूपमा सूचीकृत वा कार्यरत रहेको।

३५. <u>दोभाषेमा सूचीकृत हुन दरखास्त आह्वान गर्ने:</u> दफा ३३ बमोजिम दोभाषेको सेवा प्रदान गर्न सक्ने व्यक्तिको सूची तयार गर्नको लागि सम्बन्धित कार्यालयले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सो सूचनामा उल्लिखित योग्यता पुगेको व्यक्तिलाई दरखास्त दिन आह्वान गर्नु पर्नेछ।

३६. <u>दोभाषेको छनोट गरी सूची प्रकाशन गर्ने:</u> (१) दफा ३५ बमोजिम दरखास्त दिने व्यक्तिमध्येबाट योग्यता, आवश्यकता र उपयुक्तता समेत विचार गरी सम्बन्धित कार्यालयले दोभाषेको छनोट गरी सूची प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३५ बमोजिम दरखास्त आव्हान गर्दा कसैको दरखास्त नपरेमा वा पर्याप्त दरखास्त नपरेमा सम्बन्धित कार्यालयले दफा ३४ बमोजिम योग्यता पुगेका व्यक्तिसँग परामर्श गरी त्यस्तो व्यक्तिको नाम सो सूचीमा समावेश गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम दोभाषेको छनोट गर्दा सम्बन्धित कार्यालयको कार्यालय प्रमुखले आवश्यकता अनुसार प्रमुख जिल्ला अधिकारी, सरकारी वकिल, कसूरको अनुसन्धान गर्ने अन्य निकाय एवम् विज्ञसँग परामर्श गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको सूची तयार गर्दा भाषा अनुसारको सूची तयार गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम दोभाषेको सूचीमा नाम समावेश भएको कुरा सम्बन्धित कार्यालयले त्यस्ता दोभाषेलाई जानकारी गराई निजको परिचयात्मक विवरण राख्नु पर्नेछ।

(६) यस दफा बमोजिम तयार गरिएको दोभाषेको सूची सम्बन्धित कार्यालयले प्रत्येक वर्ष अद्यावधिक गर्नु पर्नेछ।

३७. <u>दोभाषेको सेवा लिने:</u> (१) कसूरको अनुसन्धानको सिलसिलामा नेपाली भाषा बोल्न र बुझ्न नसक्ने अभियुक्तको बयान गराउँदा वा पीडित तथा साक्षीको बयान वा कागज गराउँदा आवश्यकता अनुसार दफा ३६ बमोजिम सूचीकृत दोभाषेमध्येबाट सेवा लिनु पर्नेछ।

तर दफा ३६ बमोजिम सूचीकृत नभएको भाषाको लागि दोभाषे आवश्यक परेमा सम्बन्धित कार्यालयले सूचीकृत नभएको दोभाषेबाट सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दोभाषेको सेवा लिनुअघि सम्बन्धित दोभाषेलाई अनुसूची-४ बमोजिमको ढाँचामा कबुलियत गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दोभाषेको सेवा लिँदा सम्बन्धित व्यक्तिलाई सोधिएको प्रश्न निजले बुझ्ने भाषामा बताई निजले दिएको लिखित वा मौखिक जवाफलाई दोभाषेले नेपाली भाषामा उल्था गरी भन्नु पर्नेछ र दोभाषे प्रयोग गरी तयार गरिएको कागजमा त्यस्तो दोभाषेलाई रोहबरमा राखी सहिछाप गराउनु पर्नेछ।

३८. <u>दोभाषेको काम, कर्तव्य र अधिकार तथा सुविधा सम्बन्धी व्यवस्था:</u> (१) दफा ३७ बमोजिम दोभाषेले सेवा उपलब्ध गराउँदा आफ्नो सम्बन्ध वा सरोकार वा कुनै किसिमको स्वार्थ भएको वा संहिताको



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

दफा १७६ को उपदफा (१) को खण्ड (क) मा उल्लिखित नाताभित्रको अभियुक्त, कसूर पीडित वा अन्य साक्षीका हकमा सेवा उपलब्ध गराउनु हुँदैन।

(२) कसूरको अनुसन्धान सम्बन्धी कार्यमा दोभाषेको सेवा पाएका अभियुक्त, कसूर पीडित वा अन्य साक्षीले भनेको कुराको दोभाषेले व्याख्या वा विश्लेषण नगरी जस्ताको तस्तै उल्था गर्नु पर्नेछ।

(३) यस निर्देशिका बमोजिम दोभाषेको सेवा दिन नमिल्ने अवस्थामा बाहेक दोभाषेमा सूचीकृत भएको व्यक्तिले दोभाषेको सेवा दिनबाट इन्कार गर्न हुँदैन।

(४) दोभाषेले कसूरको अनुसन्धानको सिलसिलामा प्राप्त गरेको कुनै किसिमको सूचना, तथ्य वा जानकारी मुद्दाको काम कारबाहीको सिलसिलामा बाहेक कुनै पनि माध्यमबाट प्रकट वा व्यक्त गर्न हुँदैन।

(५) यस निर्देशिका वा प्रचलित कानून विपरीत काम कारबाही गर्ने दोभाषेलाई दोभाषेको सूचीबाट हटाइनेछ र निजलाई प्रचलित कानून बमोजिम कारबाही हुने भएमा सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

तर कुनै दोभाषेलाई यस उपदफा बमोजिम कारबाही गर्दा सफाइको मौकाबाट वञ्चित गरिने छैन।

(६) दफा ३७ बमोजिम सेवा लिइएको दोभाषेलाई नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा महान्यायाधिवक्ताको कार्यालयले निर्धारण गरे बमोजिमको सुविधा दिइनेछ।

## परिच्छेद-७

## अभियोजन तथा मुद्दाको दायरी

३९. मुद्दा चलाउने वा नचलाउने निर्णय: (१) अनुसन्धान अधिकारीबाट अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि संहिताको दफा ३१ को उपदफा (३) को अधीनमा रही सम्बन्धित सरकारी वकिलले मिसिल अध्ययन गरी सबुद प्रमाणका आधारमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्नु अघि देहायका कार्य गर्नु पर्नेछः-

(क) अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि प्रतिवेदन बमोजिमको मुद्दामा अभियोजन सम्बन्धी कारबाही गर्न सम्बन्धित सरकारी वकिल कार्यालयका कार्यालय प्रमुखले सरकारी वकिल तोक्ने,

(ख) अनुसन्धान प्रतिवेदनमा उल्लेख भए बमोजिमका कागज प्रमाण मिसिलमा भए वा नभएको रुजु गर्ने,

(ग) सोही दिन मुद्दा चल्ने वा नचल्ने निर्णय गर्न र अदालतमा पेश गर्न नभ्याइने भएमा मुद्दासँग सम्बन्धित दसी प्रमाण र उपस्थित गराएको अभियुक्तलाई मुद्दा दर्ता गर्ने दिनमा ल्याउने गरी सम्बन्धित प्रहरी कार्यालयमा फिर्ता पठाउने,

(घ) अनुसन्धान प्रतिवेदन बमोजिमको वारदातसँग सम्बन्धित मुद्दा चलाउन कानूनले निर्धारण गरेको हदम्यादका सम्बन्धमा यकिन गर्ने,



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(ङ) अनुसन्धानको क्रममा अभियुक्त थुनामा रहेको भए मुद्दा हेर्ने अधिकारीबाट थुनामा राख्ने म्याद लिए नलिएको र म्याद बाँकी रहे नरहेको यकिन गर्ने।

(३) उपदफा (२) बमोजिम मिसिल कागज अध्ययन गरी उपलब्ध कागज प्रमाण समेतको मूल्याङ्कनको आधारमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सन्दर्भमा सरकारी वकीलले देहायको निर्णय गर्न सक्नेछः-

(क) अनुसन्धान भएका सबै अभियुक्त उपर मुद्दा चलाउने,

(ख) अनुसन्धान भएकामध्ये केही प्रतिवादीको हकमा मुद्दा चलाउने र केही प्रतिवादीको हकमा नचलाउने,

(ग) कोही कसै उपर मुद्दा नचलाउने,

(घ) नेपाल सरकार वादी भई मुद्दा नचल्ने भई असर पर्ने व्यक्तिले नै मुद्दा चलाउनु पर्ने भएमा सोको जानकारी त्यस्तो व्यक्तिलाई समेत दिने।

(४) उपदफा (३) बमोजिम मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा सरकारी वकिलले देहायका विषय समेत विचार गर्नु पर्नेछः -

(क) अनुसन्धान अधिकारीबाट प्राप्त अनुसन्धान प्रतिवेदनलाई गम्भीरतापूर्वक अध्ययन गर्ने,

(ख) निर्दोष नपरोस् र दोषी नउम्कियोस् भन्ने फौजदारी न्यायको मान्य सिद्धान्तलाई आत्मसात गर्ने,

(ग) सबुद प्रमाणमा आधारित र वस्तुनिष्ठ निर्णय गर्ने,

(घ) स्वतन्त्र एवम् निर्भिक भएर निर्णय गर्ने,

(ङ) अभियुक्त पत्ता नलागेको वा अन्य कुनै कारणबाट मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर हुन नसकेको कसूरबाट पीडितलाई पीडित राहत कोषबाट राहत रकम उपलब्ध गराउने सम्बन्धमा फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ को नियम ११ को उपनियम (३) बमोजिमको प्रक्रिया अवलम्बन गर्न पीडितलाई जानकारी गराई सो प्रक्रियामा सहजीकरण गरिदिन अनुसन्धान अधिकारीलाई लेखी पठाउने कुरा अभियोजनको निर्णयमा उल्लेख गर्ने।

(५) उपदफा (३) को खण्ड (ग) बमोजिम कोही कसै उपर मुद्दा नचलाउने निर्णय गर्दा देहायका विषयलाई आधार लिनु पर्नेछः-

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(क) कसूर गर्ने व्यक्ति नखुलेको वा पत्ता नलागेको वा कसूर गर्ने व्यक्तिको मृत्यु भइसकेको,

(ख) कुनै पनि व्यक्तिले कसूर गरेको हो भनी पुष्टि हुने पर्याप्त सबुद प्रमाण नभएको,

(ग) मुद्दा दर्ता गर्ने हदम्याद गुज्री सकेको,

(घ) अनुसन्धानबाट कसूरको वारदात स्थापित हुन नसकेको, वा

(ङ) नेपाल सरकार वादी भई मुद्दा चलाउन हकदैया नभएको।

(५) उपदफा (२) बमोजिम सरकारी वकिलले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा कुनै कुरामा थप अनुसन्धान गर्नु पर्ने आवश्यकता देखिएमा संहिताको दफा ३१ को उपदफा (४) को अधीनमा रही अनुसन्धान गर्नु पर्ने कुरा स्पष्ट खुलाई थप अनुसन्धान गरी सबुद प्रमाण सङ्कलन गर्न अनुसन्धान अधिकारीलाई लेखी पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम निर्देशन प्राप्त भएकोमा अनुसन्धान अधिकारीले संहिताको दफा ३१ को उपदफा (५) र (६) को अधीनमा रही मुद्दाको हदम्याद तथा अभियुक्तलाई हिरासतमा राख्ने म्याद समेतलाई विचार गरी म्यादभित्रै अभियोजनको काम सम्पन्न हुन सक्ने गरी निर्देशन बमोजिमको कार्य यथासम्भव छिटो सम्पन्न गरी सम्बन्धित सरकारी वकिल समक्ष पेश गर्नु पर्नेछ।

(७) हिरासतमा रहेका कुनै व्यक्तिका हकमा मुद्दा नचलाउने गरी निर्णय भएकोमा त्यस्तो मुद्दा नचल्ने निर्णय भएको व्यक्तिलाई कानून बमोजिम हाजिर जमानीमा छाड्न सरकारी वकीलले सोही दिन सम्बन्धित अनुसन्धान अधिकारीलाई लेखी पठाउनु पर्नेछ।

(८) अनुसन्धानको क्रममा कुनै व्यक्तिबाट धरौट वा जमानत लिएको भएमा त्यस्तो व्यक्तिको हकमा मुद्दा नचल्ने गरी अन्तिम निर्णय भएमा त्यस्तो धरौट वा जमानत सम्बन्धित व्यक्तिलाई फिर्ता गर्न सम्बन्धित सरकारी वकीलले अनुसन्धान अधिकारीलाई लेखी पठाउनु पर्नेछ।

(९) प्रतिवादी खुलेका मुद्दामा कुनै अभियुक्त उपर मुद्दा नचलाउने गरी निर्णय भएकोमा सम्बन्धित मुद्दाको हदम्याद ननाघ्ने गरी निर्णयको प्रतिलिपि र सक्कल मिसिल यथाशीघ्र निर्णयका लागि सम्बन्धित सरकारी वकीलले माथिल्लो सरकारी वकिल कार्यालयमा पठाउनु पर्नेछ।

(१०) कसैको हकमा मुद्दा नचलाउने वा कसैको हकमा मुद्दा चलाउने गरी आंशिक निर्णय गरेकोमा सम्बन्धित सरकारी वकीलले निर्णय तथा मिसिल संलग्न कागजातहरुको प्रतिलिपि तयार गरी तुरून्त सम्बन्धित माथिल्लो सरकारी वकिल कार्यालयमा पठाउनु पर्नेछ।

(११) उपदफा (९) वा (१०) बमोजिम मिसिल प्राप्त भएपछि सम्बन्धित उच्च सरकारी वकिल कार्यालयले मुद्दा नचलाउने गरी गरेको निर्णय समर्थन गरेकोमा अन्तिम निकासाका लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ।

(१२) यस दफा बमोजिम मुद्दा नचलाउने गरी निर्णय भएको मुद्दामा मुद्दा चलाउने गरी उच्च सरकारी वकिल कार्यालय वा महान्यायाधिवक्ताको कार्यालयबाट लेखी आएमा सम्बन्धित सरकारी वकिलले सोही बमोजिम अभियोगपत्र तयार गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्नु पर्नेछ।

(१३) यस दफा बमोजिम मुद्दा चलाउने वा नचलाउने गरी भए गरेको अन्तिम निर्णयको जानकारी सम्बन्धित अनुसन्धान अधिकारी मार्फत जाहेरवाला वा कसूर पीडितलाई गराउनु पर्नेछ।

४०. मुद्दा चलाउने वा नचलाउने निर्णयको अभिलेखः (१) मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा महान्यायाधिवक्ताको कार्यालयले अनुसूची-५ बमोजिम र अन्य सरकारी वकिल कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा गरी सोको साल बसाली रुपमा अभिलेख राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णयको अभिलेख तथा सम्प्रेषण देहाय बमोजिम गर्नु पर्नेछः-

(क) सम्बन्धित सरकारी वकिलले मुद्दा चलाउने वा नचलाउने गरी निर्णय गर्दा निर्णय किताबमा निर्णय लेखी वा नेपाली कागजमा टाईप गरी क्रमैसँग निर्णय गर्ने सरकारी वकिलको नाम, थर, दर्जा र मिति समेत उल्लेख गर्नु पर्ने र सम्बन्धित सरकारी वकिलले हस्ताक्षर गरी कार्यालयको छाप लगाई प्रमाणित गर्नु पर्ने,

(ख) मुद्दा चल्ने वा नचल्ने गरी भएको निर्णयलाई यथासम्भव छिटो महान्यायाधिवक्ताको कार्यालयबाट निर्धारित मुद्दा व्यवस्थापन प्रणाली (केश म्यानेजमेन्ट सिस्टम) सफ्टवेयरमा प्रविष्ट गर्नु पर्ने,

(ग) मुद्दा नचल्ने गरी भएको निर्णयको प्रतिलिपि र मुद्दा चलाएकोमा अभियोगपत्रको प्रतिलिपि सम्बन्धित अनुसन्धान अधिकारी वा अनुसन्धान गर्ने कार्यालय र अभियुक्तलाई दिई सोको अभिलेख राख्नु पर्ने,

(घ) मुद्दा नचल्ने गरी भएको निर्णयको प्रतिलिपि सहित यथासक्य छिटो अनुसन्धान अधिकारीले सम्बन्धित जाहेरवाला वा कसूर पीडितलाई जानकारी दिई सोको भरपाईको एक प्रति सम्बन्धित सरकारी वकिल कार्यालयमा पठाउनु पर्ने,

(ङ) सरकारी वकिलबाट मुद्दा नचलाउने गरी भएको निर्णयसँग सम्बन्धित मुद्दाका मिसिल, दसी लगायत प्रमाणका वस्तु अविलम्ब सम्बन्धित अनुसन्धान अधिकारीको कार्यालयमा फिर्ता पठाई सो कार्यालयले मिसिल, दसी लगायत प्रमाणका वस्तु त्यस्तो मुद्दा दायर गर्ने हदम्यादसम्म सुरक्षित राख्नु पर्ने,

(च) खण्ड (ङ) बमोजिमको दसी प्रमाण वा चीज वस्तु कसैको सम्पत्ति रहेछ भने त्यस्तो सम्पत्ति आवश्यक परेको बखत दाखिला गर्ने शर्तको कागज गराई अनुसन्धान अधिकारीले सम्बन्धित धनीलाई फिर्ता दिई सोको जानकारी सम्बन्धित सरकारी वकिल कार्यालयलाई गराउनु पर्ने,

(छ) नेपाल सरकार वादी हुने मुद्दाको रूपमा अनुसन्धान तहकिकात भएकोमा नेपाल सरकार वादी भई मुद्दा चल्न नसक्ने वा अन्य कानून अन्तर्गत व्यक्ति वादी भई मुद्दा चल्ने देखी सम्बन्धित सरकारी वकिल कार्यालयले मुद्दा नचल्ने निर्णय गरेकोमा सम्बन्धित उच्च सरकारी वकिल कार्यालय वा महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा चलाउने गरी निकासा भएकोमा बाहेक नेपाल सरकार वादी भई मुद्दा नचल्ने कुराको जानकारी सम्बन्धित अनुसन्धान अधिकारी मार्फत सम्बन्धित व्यक्तिलाई दिनु पर्ने।

४१. विवरण प्रविष्ट गर्ने: मुद्दा चलाउने गरी निर्णय भएका प्रत्येक वारदातका सम्बन्धमा सरकारी वकिलले संहिताको दफा ३२ को उपदफा (१), (२), (३), (४) र (५) तथा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ११ बमोजिम अभियोगपत्र अदालतमा दर्ता गरेपछि सो सम्बन्धी विवरण राखको लागि सम्बन्धित सरकारी वकिल कार्यालयले अनुसूची-७ बमोजिमको ढाँचाको मुद्दा दर्ता किताबमा दर्ता गरी सो किताबमा विवरण प्रविष्ट गर्नु पर्नेछ।

४२. थप दाबी लिने: संहिताको दफा ३५ तथा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम २१ को उपनियम (१) को अधीनमा रही थप दाबी लिई अभियोगपत्र पेश गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) कसूरको अनुसन्धान गर्दा एकभन्दा बढी व्यक्ति उपर अनुसन्धान भएको तर त्यस्ता व्यक्तिमध्ये कुनै व्यक्तिको हकमा मात्र मुद्दा चलाइएकोमा आंशिक रुपमा मुद्दा चलाउने गरी भएको निर्णय सम्बन्धित उच्च सरकारी वकिल कार्यालय वा महान्यायाधिवक्ताको कार्यालयबाट जाँच गर्दा मुद्दा नचलाउने गरी निर्णय भएका व्यक्तिको हकमा मुद्दा चलाउनु पर्ने मनासिब कारण देखेमा मुद्दा चलाउने निर्णय गरी सम्बन्धित सरकारी वकिललाई मुद्दा चलाउन निर्देशन दिएमा पूरक अभियोगपत्र दायर गर्ने,

(ख) खण्ड (क) बमोजिम मुद्दा चलाउन निर्देशन दिंदा उच्च सरकारी वकिल कार्यालय वा महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा चलाउनु पर्ने आधार र कारण स्पष्ट रुपमा खुलाई पठाउनु पर्ने,

(ग) खण्ड (क) बमोजिम निर्देशन प्राप्त भएपछि सम्बन्धित सरकारी वकिल कार्यालयले पुनः मुद्दा चल्ने वा नचल्ने थप निर्णय गरिरहनु नपर्ने र सम्बन्धित निर्णयको कैफियतमा निर्देशनको व्यहोरा जनाउनु पर्ने,

(घ) कुनै कसूरका सम्बन्धमा अदालतमा मुद्दा दायर भइसकेपछि नयाँ प्रमाण प्राप्त हुन आएको वा नयाँ तथ्य खुलेकोमा सो सम्बन्धमा थप अनुसन्धान गर्दा प्राप्त प्रमाणबाट अभियोजन गरिसकेका बाहेक अन्य अभियुक्त उपर समेत सजायको



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मागदावी लिन आवश्यक भएमा सोही बमोजिम मुद्दा चलाउने निर्णय गरी थप मागदावी लिई पूरक अभियोगपत्र पेश गर्ने,

(ङ) कुनै कसूरका सम्बन्धमा अदालतमा मुद्दा दायर भइसकेपछि नयाँ प्रमाण प्राप्त हुन आएको वा नयाँ तथ्य खुलेकोमा सो सम्बन्धमा थप अनुसन्धान गर्दा प्राप्त प्रमाणबाट अभियोजन गरी अभियुक्त कायम भइसकेका व्यक्ति उपर थप सजायको मागदाबी लिन आवश्यक भएमा सोही बमोजिम मुद्दा चलाउने निर्णय गरी थप मागदाबी लिई पूरक अभियोगपत्र पेश गर्ने,

(च) खण्ड (घ) र (ङ) बमोजिम पूरक अभियोगपत्र दर्ता गर्दा मूल अभियोगपत्रमा उल्लिखित तथ्यगत कुरा नदोहोरिने गरी पछि सङ्कलित कागज प्रमाणबाट खुल्न आएको तथ्य र अभियोजन गर्ने आधार र कारण उल्लेख गरी पूरक अभियोगपत्र तयार गरी सम्बन्धित अदालत वा निकायमा दर्ता गर्ने,

(छ) यस दफा बमोजिम पूरक अभियोगपत्र तयार गर्दा दफा ४१ बमोजिम अभिलेख राख्ने।

४३. अभियोगपत्र संशोधनः संहिताको दफा ३६ को अधीनमा रही अभियोगपत्र संशोधन गर्न अदालतमा निवेदन दिँदा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) कुनै कसूरका सम्बन्धमा अदालतमा मुद्दा दायर भइसकेपछि नयाँ प्रमाण प्राप्त हुन आएको वा नयाँ तथ्य खुलेकोमा सो सम्बन्धमा थप अनुसन्धान गर्दा प्राप्त प्रमाणबाट कुनै वा सबै अभियुक्तको हकमा पहिले लिएको मागदाबीमा संशोधन गर्न आवश्यक देखिएमा महान्यायाधिवक्ताको पूर्व स्वीकृति लिई अभियोग मागदाबी संशोधन गर्न शुरु तहको सम्बन्धित अदालतबाट फैसला हुनु अगावै अदालतमा निवेदन दिनु पर्ने,

(ख) खण्ड (क) बमोजिम महान्यायाधिवक्ताको स्वीकृति लिने प्रयोजनका लागि अभियोगपत्रमा संशोधन गर्नु पर्ने आधार, कारण र औचित्य खुलाई सम्बन्धित सरकारी वकिलको कार्यालयले सम्बन्धित मिसिल कागजात साथै राखी अनुसूची-८ बमोजिमको ढाँचामा स्वीकृतिका लागि छिटो माध्यमबाट महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्ने,

(ग) खण्ड (ख) बमोजिम जिल्ला सरकारी वकिल कार्यालयले अभियोगपत्र संशोधनको लागि महान्यायाधिवक्ताको कार्यालयमा स्वीकृतिका लागि पठाउँदा सोको जानकारी सम्बन्धित उच्च सरकारी वकिल कार्यालयलाई दिनु पर्ने,

(घ) खण्ड (ख) बमोजिम प्राप्त हुन आएको मिसिल कागजात अध्ययन गरी महान्यायाधिवक्ताको कार्यालयले अभियोगपत्र संशोधन गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गरी सम्बन्धित सरकारी वकिल कार्यालयलाई निर्देशन दिनु पर्ने,

(ङ) खण्ड (घ) बमोजिम महान्यायाधिवक्ताको कार्यालयबाट अभियोगपत्र संशोधन गर्न स्वीकृति प्राप्त भएमा सम्बन्धित सरकारी वकिलले सो व्यहोरा समेत उल्लेख गरी आधार र कारण खुलाई सम्बन्धित अदालतमा निवेदन दिनु पर्ने,

(च) खण्ड (ङ) बमोजिम दिएको निवेदनका आधारमा अभियोगपत्र संशोधन गर्ने गरी अदालतबाट आदेश भएमा सम्बन्धित सरकारी वकिलले सोको प्रतिलिपि लिई सम्बन्धित मिसिलमा संलग्न गरी मुद्दा चल्ने वा नचल्ने निर्णय किताब र मुद्दा दर्ता किताबको कैफियत महलमा संशोधन भएको व्यहोरा जनाउने।

४४. <u>अभियोगपत्रको त्रुटि सच्याउने</u>: संहिताको दफा ३७ को अधीनमा रही सम्बन्धित सरकारी वकिलले अभियोगपत्रको त्रुटि सच्याउन अदालतमा निवेदन दिँदा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) अभियोगपत्रमा सानातिना त्रुटि सच्याउनको लागि दिइने निवेदन शुरु तहको सम्बन्धित अदालतबाट फैसला नहुँदै अभियोगपत्रको अभिन्न अङ्गको रुपमा रहने गरी दर्ता गर्नु पर्ने,

(ख) संहिताको दफा ३७ बमोजिम सरकारी वकिलले दिएको निवेदन अनुरुप अदालतले अभियोगपत्रमा भएको सानातिना त्रुटि सच्याउने आदेश दिएमा सो आदेशको प्रतिलिपि लिई मिसिल संलग्न गरी मुद्दा चल्ने वा नचल्ने निर्णय किताब र मुद्दा दर्ता किताबको कैफियत महलमा त्रुटि सच्चिएको व्यहोरा जनाउनु पर्ने।

४५. <u>मालसामान सुरक्षित राख्नु पर्ने</u>: अभियोगपत्र साथ दाखिल भएका दसीका मालसामानको परिमाण र प्रकृतिको कारणबाट अदालतमा सुरक्षित राख्न सकिने अवस्था नभई अदालतले खोजेका बखत दाखिल गर्ने गरी त्यस्तो मालसामान सुरक्षित तवरले राख्न मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १४ को उपनियम (१) बमोजिम अदालतले आदेश दिएमा अनुसन्धान गर्ने निकायले त्यस्तो मालसामान सुरक्षित तबरले राख्नु पर्नेछ।

## परिच्छेद-८

## अनुसन्धान तथा अभियोजनको अनुगमन

४६. <u>अनुसन्धानको अनुगमन गर्ने</u>: (१) संहिताको अनुसूची-१ मा उल्लिखित कसूरको अनुसन्धान सम्बन्धी कार्यको अनुगमन गर्न प्रहरी प्रधान कार्यालयमा देहाय बमोजिमको अनुसन्धान अनुगमन समिति रहनेछः-

(क) प्रमुख, अपराध अनुसन्धान विभाग, प्रहरी प्रधान कार्यालय -संयोजक



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ख) प्रमुख, केन्द्रीय अनुसन्धान ब्यूरो -सदस्य

(ग) प्रहरी महानिरीक्षकले तोकेको कम्तीमा प्रहरी बरिष्ठ उपरीक्षक -सदस्य-सचिव

(२) संहिताको अनुसूची-२ मा उल्लिखित कसूरको अनुसन्धान सम्बन्धी कार्यको अनुगमन गर्न त्यस्तो कसूरको अनुसन्धान गर्ने कार्यालयको केन्द्रीय निकायमा सो निकायको प्रमुख भन्दा मुनिको वरिष्ठ कर्मचारीको संयोजकत्वमा विषय विज्ञ कर्मचारी समेत रहने गरी अनुसन्धान अनुगमन समिति गठन गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम गठित अनुसन्धान अनुगमन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कसूरको अनुसन्धान तहकिकातका सम्बन्धमा प्रभावकारिता तथा एकरूपता कायम गर्न आवश्यक निर्देशन दिने,

(ख) कसूरको अनुसन्धान सम्बन्धी काम कारबाही शीघ्र, स्वतन्त्र, निष्पक्ष, कानून सम्मत र वस्तुपरक ढङ्गले भए नभएको सम्बन्धमा अनुगमन गरी यस्तो भएको नपाइएमा सम्बन्धित अधिकारीलाई आदेश वा निर्देशन दिनुका साथै मातहत कार्यालयमा अनुसन्धानका सम्बन्धमा आवश्यक परिपत्र जारी गर्ने,

(ग) कसूरको अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय र सहकार्य गर्ने,

(घ) कसूरको अनुसन्धान गर्ने मातहत कार्यालयको स्थलगत अनुगमन गरी अनुसन्धानको प्रभावकारिता अभिवृद्धि गर्ने,

(ङ) उपयुक्त माध्यमबाट अनुसन्धानको प्रगति र तथ्याङ्क प्राप्त गरी सोको अध्ययन विश्लेषण गरी सुझाव सहितको प्रतिवेदन अनुसूची-९ बमोजिमको ढाँचामा तयार गरी अनुसन्धानमा गर्नु पर्ने सुधारका लागि प्रहरी कार्यालयबाट भएको अनुसन्धानको हकमा प्रहरी महानिरीक्षक समक्ष र अन्य कार्यालयबाट भएको अनुसन्धानको हकमा सम्बन्धित कार्यालयको केन्द्रीय निकायको प्रमुख समक्ष पेश गर्ने।

(४) उपदफा (१) र (२) बमोजिमको अनुसन्धान अनुगमन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(५) उपदफा (१) र (२) बमोजिमको अनुसन्धान अनुगमन समितिको बैठकमा आवश्यकता अनुसार अनुसन्धानविद् वा विज्ञ कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

(६) उपदफा (१) र (२) बमोजिमको अनुसन्धान अनुगमन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

४७. <u>अभियोजनको अनुगमन गर्ने</u>: (१) सरकारी वकिल कार्यालयबाट भएको अभियोजन सम्बन्धी कार्यको अनुगमनको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयको अभियोजनको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी जिम्मेवारी प्राप्त सम्बन्धित महाशाखाबाट हुनेछ।

(२) उच्च सरकारी वकिल कार्यालयले सरकारी वकिल सम्बन्धी नियमावली, २०७७ मा भएको व्यवस्थाको अधीनमा रही आफू मातहतका कार्यालयको अभियोजन अनुगमन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको महाशाखाले अनुगमन सम्बन्धी कार्य सम्पादन गर्दा अन्य कर्मचारीको समेत सहयोग लिनेछ।

(४) उपदफा (१) बमोजिमको महाशाखाले अभियोजन अनुगमनका सम्बन्धमा देहाय बमोजिम कार्य सम्पादन गर्नु पर्नेछः-

(क) सरकारी वकिल कार्यालयबाट अदालतमा दर्ता गरिने अभियोगपत्रमा एकरुपता, शिघ्रता, कानूनको उचित प्रयोग र उपयुक्त व्यक्ति उपर उपयुक्त अभियोजन गर्ने सम्बन्धमा आवश्यकता अनुसार नमूना अभियोगपत्र समेत तयार गरी सल्लाह सुझाव दिने,

(ख) मातहत कार्यालयबाट अदालतमा दर्ता गरेका अभियोगपत्रको प्रतिलिपि माग गरी सोको अभिलेख राखी कसूरको प्रकृति र विषय अनुसार निश्चित मापदण्डका आधारमा अभियोगपत्रको अध्ययन विश्लेषण गरी सुधार गर्नु पर्ने विषयमा समय समयमा निर्देशन तथा परिपत्र जारी गर्न प्रतिवेदन पेश गर्ने।

(५) उपदफा (४) को खण्ड (ख) बमोजिम अभियोगपत्रको अध्ययन विश्लेषण गर्दा देहायका विषयमा केन्द्रित हुनु पर्नेछः-

(क) सरकारी वकिल कार्यालयबाट दायर भएका अभियोगपत्रमा एकरुपता कायम भएको वा नभएको,

(ख) अभियोजन गर्दा प्रमाणको उचित मूल्याङ्कन गरिएको वा नगरिएको,

(ग) मिसिल संलग्न प्रमाणका आधारमा कानूनको उपयुक्त दफा प्रयोग गरिएको वा नगरिएको,

(घ) अभियोग लगाउनु पर्ने व्यक्ति उपर अभियोग लगाएको छ वा छैन र अभियोग नलगाउनु पर्ने व्यक्ति उपर अभियोग लगाइएको छ वा छैन,

(ङ) अभियोजनको कार्यमा अनावश्यक बिलम्ब भएको वा नभएको,

(च) कानून बमोजिम अभियोगपत्रमा खुलाउनु पर्ने कुरा खुलाएको वा नखुलाएको,

(छ) अभियोगपत्र निर्धारित ढाँचामा भएको वा नभएको,

(ज) अनुसन्धानमा सहयोग गर्ने अभियुक्त उपर सजाय कम गर्ने मागदाबी लिएको वा नलिएको र त्यसको आधार उपयुक्त भएको वा नभएको,

(झ) थप दावी लिन आवश्यक भएकोमा दावी गरिएको वा नगरिएको,

(ञ) अभियोगपत्र संशोधन आवश्यक भएकोमा संशोधन गरिएको वा नगरिएको,

(ट) अभियोगपत्रमा सानातिना त्रुटि रहेको वा नरहेको र रहेको भए सो सच्याउन अदालतमा निवेदन दिएको वा नदिएको,

(ठ) अन्य आवश्यक कुरा।

(६) उपदफा (१) बमोजिमको महाशाखाले प्रत्येक वर्ष मातहत सरकारी वकिल कार्यालयको अभियोजन अनुगमन गर्न खटिने टोलीको कार्यदिश सहितको कार्य तालिका बनाई स्थलगत अनुगमन गर्ने वा गराउने व्यवस्था मिलाउनेछ।

(७) उपदफा (६) बमोजिम खटिएको अनुगमन टोलीले अनुगमन सम्पन्न गरेको मितिले सात दिनभित्र अनुसूची-१० बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी महान्यायाधिवक्ताको कार्यालयमा पेस गर्नु पर्नेछ।

(८) उपदफा (१) बमोजिमको महाशाखाले उपदफा (४) बमोजिम गरेको अनुगमन तथा उपदफा (७) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा सो महाशाखाले वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र महान्यायधिवक्ता समक्ष पेश गर्नु पर्नेछ।

४८. संयुक्त रूपमा अनुगमन गर्ने: (१) यस परिच्छेद बमोजिम मातहत कार्यालयको अनुगमन गर्दा महान्यायाधिवक्ताको कार्यालय, प्रहरी प्रधान कार्यालय र अन्य निकायले आवश्यक समन्वय गरी संयुक्त रूपमा अनुगमन गर्ने टोली खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको टोलीले आ-आफ्नो मातहत कार्यालयको कार्यको अनुगमन गरी अनुगमनमा देखिएका एक अर्का निकायसँगको अपेक्षा र सुधार गर्नु पर्ने विषयमा तत्कालै स्थलगत रूपमा अन्तर्क्रिया गरी समस्याको सम्बोधन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम खटिएको अनुगमन टोलीले आफूले गरेको अनुगमन कार्य सम्बन्धी अनुगमन प्रतिवेदन तयार गरी अनुगमन सम्पन्न भएको मितिले सात दिनभित्र सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनको आधारमा एकिकृत प्रतिवेदन तयार गरी सरोकारवाला निकायका अधिकारीसँग छलफल गरी कार्य सम्पादनमा सुधार गर्नु वा गराउनु सम्बन्धित अनुसन्धान तथा अभियोजन गर्ने निकायको कर्तव्य हुनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

परिच्छेद-९

विविध

४९. समन्वय समिति सम्बन्धी व्यवस्थाः (१) कसूरको अनुसन्धान, अभियोजन र सरकारी पक्षको प्रतिनिधित्वलाई प्रभावकारी बनाउन देहाय बमोजिमका समन्वय समिति रहनेछन्:-

(क) उच्च सरकारी वकिल कार्यालयमा:-

(१) सहन्यायाधिवक्ता, उच्च सरकारी वकिल कार्यालय -अध्यक्ष

(२) उच्च सरकारी वकिल कार्यालयको मुकाम रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी -सदस्य

(३) उच्च सरकारी वकिल कार्यालय, पाटनको हकमा राजश्व अनुसन्धान विभागको महानिर्देशक र अन्य उच्च सरकारी वकिल कार्यालयको हकमा सो विभागको सम्बन्धित कार्यालयको प्रमुख -सदस्य

(४) उच्च सरकारी वकिल कार्यालय पाटनको हकमा उपत्यका प्रहरी कार्यालयको प्रहरी नायब महानिरीक्षक, उच्च सरकारी वकिल कार्यालयको मुकाम रहेको स्थानमा प्रदेश प्रहरी कार्यालय रहेको हकमा प्रदेश प्रहरी कार्यालयको प्रमुख र उच्च सरकारी कार्यालयको मुकाम रहेको स्थानमा प्रदेश प्रहरी कार्यालय नरहेको हकमा जिल्ला प्रहरी कार्यालयको प्रमुख -सदस्य

(५) उच्च सरकारी वकिल कार्यालयको सहन्यायाधिवक्ताले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ता -सदस्य-सचिव

(ख) विशेष सरकारी वकिल कार्यालयमा:-

(१) सहन्यायाधिवक्ता, विशेष सरकारी वकिल कार्यालय -अध्यक्ष

(२) सह-सचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग -सदस्य

(३) महानिर्देशक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग -सदस्य

(४) केन्द्रीय अनुसन्धान व्यूरोले तोकेको सो व्यूरोको प्रहरी नायब महानिरीक्षक -सदस्य

(५) नेपाल राष्ट्र बैङ्कको बैङ्क तथा वित्तीय संस्था अनुगमन विभागको प्रमुख -सदस्य



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(६) उपन्यायाधिवक्ता, विशेष सरकारी वकिल कार्यालय -सदस्य-सचिव

(ग) जिल्ला सरकारी वकिल कार्यालयमाः-

(१) सहन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय -अध्यक्ष

(२) प्रमुख, जिल्ला प्रहरी कार्यालय -सदस्य

(३) सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय -सदस्य

(४) जिल्ला स्वास्थ्य कार्यालयको प्रमुख वा निजले तोकेको चिकित्सक -सदस्य

(५) जिल्ला सरकारी वकिल कार्यालयको सहन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ताले तोकेको जिल्ला न्यायाधिवक्ता वा सहायक जिल्ला न्यायाधिवक्ता -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कसूरको अनुसन्धान र अभियोजन तथा मुद्दाको बहस, पैरवी एवम् प्रतिरक्षामा प्रभावकारिता ल्याउनको लागि सम्बन्धित कार्यालयबीच समन्वय कायम गर्ने,

(ख) अनुसन्धानकर्ता र अभियोजनकर्ताबीच समन्वय र सहकार्य गर्ने वा गराउने।

(३) उपदफा (१) बमोजिमको समन्वय समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समन्वय समितिको बैठकमा मुद्दाको अनुसन्धान र अभियोजन तथा न्याय सम्पादनसँग सम्बन्धित निकायको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिमको समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(६) उपदफा (१) बमोजिमको समन्वय समितिले गरेको निर्णयको जानकारी महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, सम्बन्धित उच्च सरकारी वकिल कार्यालय, माथिल्लो प्रहरी कार्यालय तथा निर्णयसँग सम्बन्धित अन्य निकायमा पठाउनु पर्नेछ।

५०. अन्तरिम क्षतिपूर्ति माग गर्नेः (१) कसूरको अनुसन्धानको चरणमा कसूर पीडित वा निजमा आश्रित व्यक्तिलाई मुलुकी अपराध संहिता, २०७४ को दफा ४८ को उपदफा (१) बमोजिम अन्तरिम

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

क्षतिपूर्ति वा राहत रकम माग गर्नु पर्ने अवस्था भएमा अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिबाट निवेदन लिई सम्बन्धित सरकारी वकिलसँग समन्वय गरी सोको लागि अदालत समक्ष माग गर्नु पर्नेछ

(२) उपदफा (१) बमोजिमको अन्तरिम क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउने सम्बन्धमा अदालतमा बहस, पैरवी गर्नु पर्ने अवस्था भएमा सम्बन्धित सरकारी वकिलले बहस, पैरवी गर्नु पर्नेछ

५१. <u>एकै पटक अनुसन्धान र अभियोजन गर्नु पर्नेः</u> (१) कुनै कसूरको अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको अभियुक्तले गरेको अन्य कसूर सम्बन्धी मुद्दाको विषयमा समेत अनुसन्धान गर्नु पर्ने भएमा त्यस्तो अभियुक्तसँग सम्बन्धित सबै कसूरको एकै पटक अनुसन्धान र अभियोजन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान र अभियोजनको कार्य फरक फरक निकाय वा कार्यालयबाट गर्नु पर्ने रहेछ भनेपनि सम्बन्धित निकायसँग समन्वय गरी एकै पटक गर्नु पर्नेछ।

५२. <u>बरामद भएको धनमाल फिर्ता दिनेः</u> (१) कसूरको अनुसन्धानको सिलसिलामा बरामद भएकामध्ये वारदातमा प्रयोग भएका वस्तु वा साधन वा प्रचलित कानून बमोजिम अवैध मानिने र जफत हुने मालवस्तु बाहेक अन्य व्यक्तिगत धनमाल अभियुक्तको बयान गर्दा सनाखत गराई सकेपछि अनुसन्धान अधिकारीले सम्बन्धित मालधनीलाई भरपाइ गराई अदालतले खोजेका बखत दाखिला गराउने शर्तमा फिर्ता दिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरसँग सम्बन्धित नरहेको धनमाल वा तत्काल नासिने वा बिग्रिने वा व्यक्तिले दैनिक प्रयोग गर्ने निजी प्रयोजनका बैध धनमाल भएमा सम्बन्धित मालधनीबाट सनाखत गराई अदालतले खोजेका बखत दाखिला गराउने शर्तमा अनुसन्धान अधिकारीले भरपाइ गराई बुझाउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम फिर्ता गर्नु पर्ने धनमालको वैज्ञानिक वा प्रयोगशाला परीक्षण गराउनु पर्नेमा त्यस्तो परीक्षण गरिसकेपछि मात्र फिर्ता गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम फिर्ता गरेको धनमालको रीतपूर्वकको भरपाइ मिसिल सामेल राख्नु पर्नेछ।

(५) कसूरसँग सम्बन्धित नरहेका बरामद भएका धनमाल यस दफा बमोजिम सम्बन्धित मालधनीलाई फिर्ता नगर्ने अनुसन्धान अधिकारीलाई अख्तियारवालाले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाही गर्न सक्नेछ।

५३. <u>त्रुटि हुन नहुने तर्फ सचेत रहनेः</u> (१) कसूरको अनुसन्धान तथा अभियोजन सम्बन्धी काम कारबाही गर्दा कानूनले निर्धारण गरेको कार्यविधिका सम्बन्धमा कुनै पनि त्रुटि हुन नपाउनेतर्फ सम्बन्धित कर्मचारी तथा अधिकारी सचेत रहनु पर्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी कसूरको अनुसन्धान तथा अभियोजन सम्बन्धी काम कारबाही गर्दा कानूनले निर्धारण गरेको कार्यविधिका सम्बन्धमा लेखाई,



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

छपाई वा मुद्रणमा भएको गणितीय वा अन्य कुनै सानातिना त्रुटि वा छुट भएकोमा सोही कारणले मात्र त्यससँग सम्बन्धित सम्पूर्ण काम कारबाही गैर कानूनी मानिने छैन।

अनुसूची- १

(दफा १३ को खण्ड (घ) सँग सम्बन्धित)

<u>सरकारी वकिल कार्यालयमा राख्नुपर्ने कसूर दर्ता किताबको ढाँचा</u>

.... सरकारी वकिल कार्यालय

कसूर दर्ता किताब

आर्थिक वर्ष......

(घटना/वारदातको कारबाही विवरण)

| क्र. स. | कसूर दर्ता नं. (प्रहरीको) | जाहेरवालाको विवरण | | शङ्कित को नाम | कसूरको नाम | वारदात मिति | हदम्याद सकिने मिति | जाहेरी मिति | प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्त मिति | जाहेरी तामेली मिति | अनुसन्धान अधिकृत को नाम र कार्यालय | तोकिएको सरकारी वकिल | निर्देशन दिएको मितिः (क्रमश) | म्याद थप मितिः (क्रमश) | म्याद थप बहस भएको /नभएको | शङ्कितको बयान मिति | अनुसन्धान प्रतिवेदन प्राप्त मिति | मुद्दा चल्ने वा नचल्ने निर्णयको विवरण | | | | मुद्दा दर्ता मिति | अनुसूची -१ र २ वा देवानी मुद्दा | मुद्दा नचल्ने निर्णय निकासको लागि पठाएको मिति र च.नं. | निकासा विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम, ठेगाना, उमेर | लिङ्ग | | | | | | | | | | | | | | | नि.नं. मिति | सबै प्रतिवादीलाई चलाएको | आंशिक चलाएको | नगर्ने निर्णय भएको | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

अनुसूची- २

(दफा १९ को उपदफा (१) को खण्ड (झ) सँग सम्बन्धित)

<u>अभियुक्तको बयानको ढाँचा</u>

श्री ..... सरकारी वकिल कार्यालय, .......... मा ऐ. कार्यालयका .............. न्यायाधिवक्ता श्री ................समक्ष ....... कार्यालय ............ का अनुसन्धान अधिकृत ........... ले ............. मुद्दाका प्रतिवादी ............. सँग लिएको बयान कागज।

स.नं. १ तपाईको शारीरिक तथा मानसिक अवस्था कस्तो छ? सोधिएको प्रश्नको जवाफ दिन सक्नु हुन्छ वा हुन्न? खुलाई दिनुहोस्। ज.नं. १

स.नं. २ तपाईको बाबु/आमा, बाजेको नाम तपाईंको नाम थर, वतन, उमेर, शैक्षिक योग्यता, नागरिकता विवरण, परिवार सङ्ख्या, जग्गा जमिन, आयस्रोत, फोन नम्बर, धर्म र हुलिया समेत खुलाई दिनुहोस्। ज.नं. २

स.नं. ३ तपाई यस कार्यालयमा किन उपस्थित हुन भएको छ? खुलाई दिनुहोस्। ज.नं. ३

स.नं. ४ कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पूर्पक्ष गर्न पाउने अधिकार छ भन्ने जानकारी तपाईंलाई छ/छैन? खुलाई दिनुहोस्। ज.नं. ४

स.नं. ५ तपाईले यस मुद्दामा कुनै कानूनी सल्लाहकार राख्नु भएको छ/छैन? खुलाई दिनुहोस्। ज.नं. ५

स.नं. ६ तपाईले प्रहरी हिरासतमा आफन्तहरु भेट्न पाउनु भएको छ/छैन? कुटपिट यातना भएको छ/छैन? खुलाई दिनुहोस्। ज.नं. ६

स.नं. ७ तपाईलाई यस मुद्दा अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीलाई अनुसन्धान कार्यमा सहयोग गर्दा कानून बमोजिम सजायमा छुट पाइन्छ भन्ने ज.नं. ७



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

कुरा थाहा छ/ छैन खुलाई दिनुहोस्।

स.नं. ८ तपाईले यस मुद्दामा आफूले बयान नदिई चुप लागेर बस्न पनि सक्नु हुन्छ, कुनै धाकधम्की करकापमा पारी बयान दिन लगाइएको छ, छैन? तपाईले दिएको बयान आफै विरुद्ध प्रमाणमा लाग्छ भन्ने कुराको जानकारी छ/छैन? खुलाई दिनुहोस्। ज.नं. ८

स.नं. ९ ........................................................ ज.नं. ९ ...........

स.नं. १० ........................................................ ज.नं. १० ...........

स.नं. ११ तपाईले आफ्नो बयानमा खुलाई लेखी लेखाई दिनुभएको स.ज. १ देखि स.ज. .... सम्मको बयान व्यहोरा पढिवाची सुनाईन्छ। व्यहोरा अवगत गरी अन्य केहि भए सो समेत खुलाई लेखाई दिनुहोस्। ज.नं. ११ ...........

<u>प्रतिवादी</u>

............................

इति संवत् ...... साल .......... महिना .... गते रोज ..... शुभम्।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची- ३

(दफा २६ को उपदफा (१) सँग सम्बन्धित)

पीडित प्रभाव प्रतिवेदनको ढाँचा

श्री ..................

...................................।

विषयः पीडित प्रभाव प्रतिवेदन पेश गरिएको बारे।

१. पीडितको विवरणः

(क) पीडितको व्यक्तिगत विवरण

नाम, थरः ........................

उमेरः ......................

लिङ्गः ..........................

पेशाः ...........................

पारिवारिक अवस्थाः ........................

स्थायी ठेगानाः ........................

अस्थायी ठेगानाः .......................

तत्काल अन्य कुनै ठाउँमा आश्रय लिई बसोबास गरेको भए त्यसको विवरणः ..........................................................................................................

(ख) पीडितको पारिवारिक विवरण (नाबालिग वा कानून बमोजिम संरक्षकत्व चाहिने व्यक्तिको हकमा)

बाबु/आमा, संरक्षक वा कानून बमोजिमको प्रतिनिधिको,

नाम, थरः ......................................

पेशाः ..........................

ठेगानाः ...........................

पारिवारिक अवस्थाः .................................

(ग) पीडितको पालन पोषण गर्ने वा हुर्काउने अरु कोही भए त्यसको विवरणः

२. कसूरको संक्षिप्त विवरणः

..........................................................................................

३. कसूरबाट पीडितलाई पुगेको क्षतिको विवरण

(क) भौतिक क्षति

(अ) पीडितको शारीरिक अवस्थाः

.........................................................................

(आ) पीडितलाई कुनै दीर्घकालीन रुपमा असर परेको वा दीर्घकालीन असर पर्ने सम्भावना देखिने कुनै प्रकारको लक्षण भए (जस्तैः नाक, कान, आँखा, छाला, जिब्रो लगायतका ज्ञानेन्द्रीयहरु काम नलाग्ने भएमा सो सम्बन्धी विवरण, जबरजस्ती करणीबाट गर्भाधारण भए सोको अवस्था, कसूरदारबाट कुनै प्रकारको यौन रोग सरेको भएमा त्यसको विवरण) सोको विवरणः

...................................................................................................।

(इ) कसूरको कारणबाट पीडितको दैनिक जनजीविकामा प्रतिकूल प्रभाव परेको भए सोको विवरणः

...................................................................................................।

(ई) पीडित भएको व्यक्ति कसूरबाट पीडित हुनु अगाडिको सामान्य अवस्था बमोजिम कामकाज गर्न सक्ने अवस्थामा रहे नरहेको वा निजको कार्यक्षमतामा कुनै प्रकारको ह्रास आएको भए सोको विवरणः

...................................................................................................।

(ख) मानसिक तथा भावनात्मक क्षति

(अ) कुनै प्रकारको व्यवहारगत असन्तुलन (सामान्य व्यक्ति सरह सुत्न सक्ने/नसक्ने, नियमित रुपमा खाना खाने/नखाने, कुनै विषयमा एकाग्र हुन सक्ने/नसक्ने) तथा अन्य कुनै प्रकारको मानसिक असन्तुलन देखिएको भए सोको विवरणः

.....................................................................

(आ) कहिलेकाँही त्यत्तिकै झर्को लाग्ने वा रिस उठ्ने, निराश हुने वा त्यस्तै कुनै प्रकारको मनोवैज्ञानिक लक्षणहरु देखिएको भए सोको विवरणः

.....................................................................

...................................................................................................

(इ) कुनै प्रकारको मनोवैज्ञानिक डर, त्रास वा कुनै प्रकारको तनाव महसुस गरेको भए त्यसको विवरणः

...................................................................................................

(ई) पीडितको उद्दार पश्चात समेत निजले सुरक्षित महसुस नगरेको, पुरानो घटना सम्झेर झस्किने वा तर्सने गरेको वा अरुको सहयोग आवश्यक भएको जस्तो महसुस भए सोको विवरणः

...................................................................................................

(उ) पीडितले आफ्नो आत्मसम्मान कमजोर भएको तथा प्रतिष्ठामा आँच आएको महसुस गरेको भए सोको विवरणः

...................................................................................................

(ग) आर्थिक क्षति



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(अ) रोजगारीका अवसरबाट वञ्चित भएको भए सोको विवरण: ..........................................................................................

(आ) पीडितको तथा निजको परिवारको सम्पत्तिमा कुनै प्रकारको क्षति पुगेको भए सोको विवरण: ..........................................................................................

(इ) कसूरको कारण पीडितले आफ्नो सुरक्षा गर्न यातायात, सञ्चार बसोबास लगायतका विषयमा कुनै प्रकारको खर्च गरेको भए त्यस्तो खर्चको विवरण: ..........................................................................................

(ई) कसूरको कारणबाट पीडित तथा निजको परिवारले कुनै प्रकारको उपचार गराउनु परेको भए सोको विवरण तथा उपचारमा लागेको खर्चको विवरण: ..........................................................................................

(उ) पीडितलाई कुनै प्रकारको क्षतिपूर्ति यकिन भएको भए त्यसको विवरण: ..........................................................................................

४. कसुरदारलाई गरिने सजायका सम्बन्धमा पीडितले कुनै धारणा व्यक्त गर्न चाहेमा त्यस्तो धारणा: ..........................................................................................

५. पीडित प्रभाव प्रतिवेदन गोप्य राख्न चाहे नचाहेको विवरण तथा त्यस्तो प्रतिवेदन गोप्य राख्न चाहनुको कारण: ..........................................................................................

६. पीडितले कसूरका सम्बन्धमा कुनै धारणा व्यक्त गर्न चाहेमा त्यस्तो धारणा: ..........................................................................................

७. संलग्न कागजातहरु:

| | |
|---|---|
| (क) प्रहरी कार्यालय प्रतिवेदन: | छ/छैन |
| (ख) सम्बन्धित स्थानीय तहको सिफारिसपत्र: | छ/छैन |
| (ग) मेडिकल रिपोर्ट: | छ/छैन |
| (घ) मनोसामाजिक परामर्श गरेको भए सोको विवरण: | छ/छैन |
| (ङ) अन्य सम्बद्ध कागजात: | छ/छैन |

प्रतिवेदन पेश गर्ने पीडित वा पीडितको बाबु/आमा, संरक्षक वा कानून बमोजिमको प्रतिनिधिको;-

दस्तखतः

नाम, थरः

सम्पर्क नं.:

पीडित प्रभाव प्रतिवेदन बुझ्ने अधिकारीको,-

दस्तखतः

कार्यालयको छाप

नाम, थरः

पदः

कार्यालयको नामः

मितिः

अनुसूची- ४

(दफा ३७ को उपदफा (२) सँग सम्बन्धित)

<u>दोभाषेसँग गराउने कबुलियतको ढाँचा</u>

............ (बाजे/बजैको नाम लेख्ने) को नाती/नातिनी ........... (आमा/बुबा वा सासु/ससुराको नाम लेख्ने) को छोरा/छोरी/बुहारी ............. (स्थायी ठेगाना जिल्ला, स्थानीय तह, वडा नं. उल्लेख गर्ने) बस्ने, नागरिकता प्रमाण पत्र नम्बर / राष्ट्रिय परिचय नम्बर .......... भएको म ............ (दोभाषेको नाम) को नाम ........ (सूची तयार गर्ने कार्यालयको नाम) कार्यालयको दोभाषेको सूचीमा सुचिकृत भएको छ। ........ को जाहेरीले वादी नेपाल सरकार ....... प्रतिवादी भएको .......... मुद्दामा अभियुक्त/कसूर पीडित/साक्षी ........... ......... मेरो कुनै नाता सम्बन्धको मानिस पर्दैनन्। निजले ......... भाषामा व्यक्त गरेको व्यहोरा जस्ताको तस्तै नेपाली भाषामा रुपान्तरण गरी प्रमाणित गर्नेछु। अभियुक्त/कसूर पीडित/साक्षीले व्यक्त गरेभन्दा फरक व्यहोरा मैले रुपान्तरण गरेको कागजमा उल्लेख गरेको ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छु। दोभाषेको सेवा प्रदान गर्दा मलाई जानकारी हुन आएको मुद्दासँग सम्बन्धित कुनै पनि कुरा सम्बन्धित अधिकारी बाहेक अरू कसैलाई कुनै पनि रूपमा प्रकट गर्ने छैन भनी आफ्नो खुसीराजीले यो कागज गरी अनुसन्धान अधिकारीमार्फत नेपाल सरकारमा पेश गरेको छु।

दस्तखतः

मितिः

अनुसूची- ५

(दफा ४० को उपदफा (१) सँग सम्बन्धित)

<u>महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा चलाउने वा नचलाउने निर्णयको ढाँचा</u>

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

मुद्दा चल्ने वा नचल्ने निर्णय

आर्थिक वर्षः ....।...

निर्णय नं. .......

१. जाहेरवालाको नाम, थरः- .........
२. प्रतिवादीको नाम, थरः .............
३. वारदात मितिः ...............
४. जाहेरी दर्ता मितिः ..............
५. मुद्दाः ..................
६. जिल्ला सरकारी वकिल कार्यालय, ....
   तोकिएको सरकारी वकिलः
   जिल्ला न्यायाधिवक्ताः [ ....................... ]     राय मितिः ........................

७. उच्च सरकारी वकिल कार्यालय, ...............
   तोकिएको सरकारी वकिलः
   सहन्यायाधिवक्ताः [ ..................... ]     राय मितिः ........................

८. महान्यायाधिवक्ताको कार्यालय, नेपालः
   (क) मिसिल पठाएको पत्रको च.नं. र मितिः ....../.......।....।....
   (ख) मिसिल प्राप्त मितिः ...................
   (ग) तोकिएको सरकारी वकीलः
   ☐ उपन्यायाधिवक्ता ☐ सहन्यायाधिवक्ता     रायको प्रकृतिः ....................
   [ तोकिएको सरकारी वकिलको नाम ]     राय मितिः- ........................

९. महान्यायाधिवक्ता/नायब महान्यायाधिवक्ताको निर्णय व्यहोराः
.....................................................................................................................................................
.................................................................................

(.............................)

महान्यायाधिवक्ता/नायब महान्यायाधिवक्ता



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची- ६

(दफा ४० को उपदफा (१) सँग सम्बन्धित)

## उच्च/विशेष/जिल्ला सरकारी वकिल कार्यालयबाट मुद्दा चलाउने वा नचलाउने निर्णयको ढाँचा

श्री ......................कार्यालयका सहन्यायाधिवक्ता/जिल्ला न्यायाधिवक्ता/उपन्यायाधिवक्ता/सहायक न्यायाधिवक्ता श्री ..........ले गरेको निर्णय

निर्णय नं. ...................... निर्णय मिति ...........................

जाहेरवाला....................... प्रतिवादी ...............................

मुद्दा .......................... वारदात मिति...........................

जाहेरी दरखास्त दर्ता मिति ................... प्रारम्भिक प्रतिवेदन दर्ता मिति..................

अनुसन्धान अधिकारी .......... अनुसन्धान प्रतिवेदन सहित मिसिल प्राप्त मिति.............

मिसिल पेश गर्ने कार्यालय .......................

निर्णय व्यहोराः

..................................................................................................................................

............................

निर्णय गर्ने सरकारी वकिलको दस्तखत

अनुसूची- ७
(दफा ४१ सँग सम्बन्धित)
<u>मुद्दा दर्ता किताबको ढाँचा</u>

........... सरकारी वकिल कार्यालय .............
मुद्दा दर्ता किताब
(मुद्दामा भएको सुनुवाई कारबाही विवरण)

| क.स. | मुद्दा दर्ता नम्बर (अदालत) | CMS दर्ता नम्बर | मुद्दाको नाम | जाहेरवाला | अभियुक्तको विवरण | | | | | | अभियोग मागदाबी | अभियोजन गर्ने सरकारी वकिल | अभियोजन गरेको निकाय | थुनछेक आदेश मिति (क्रमशः) | थुनछेक विवरण (क्रमशः) | | | संहिताको दफा ७३ को निवेदन पठाएको मिति र च.नं. | वकपत्र मिति र सङ्ख्या | फैसला (प्रमाणीकरण) मिति | फैसला जानकारी मिति | फैसलाको परिणाम | | | | अनुसन्धान निकायमा मिसिल फिर्ता पठाएको च.नं. र मिति | पुनरावेदन सम्बन्धी प्रस्ताव पठाएको मिति र च.नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नाम, उमेर | पक्राउ/ फरार | लिङ्ग | स्थायी ठेगाना | अभियुक्तको हजुरबुबा | अभियुक्तको बाबु/ससुरा | | | | | थुना | धरौटी /जमानत वा बैङ्क जमानी | तारेख | | | | | कैद | जरिवाना | क्षतिपूर्ति | बिगो सफाई | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

<u>द्रष्टव्यः</u>

(क) सजाय छुटको दाबी लिएको भए अभियोग महलमा जनाउने।
(ख) प्रतिवादीको नाम खुलेको अन्य विवरण नखुलेको हकमा मुद्दा नचलाउने निर्णय भएको भए त्यसको विवरण कैफियत महलमा खुलाउने।
(ग) अभियुक्त सबैको नाम, थर, उमेर, लिङ्ग लगायत सबै विवरण उल्लेख गर्नु पर्ने।
(घ) अभियोजन कुन निकायमा गरेको हो उल्लेख गर्ने।
(ङ) मिलापत्र गर्ने निर्णय भएमा कैफियत महलमा खुलाउने।
(च) संहिताको अनुसूची -१ र २ का मुद्दामा छुट्टाछुट्टै रजिष्टर राखे।

अनुसूची- ८

(दफा ४३ को खण्ड (ख) सँग सम्बन्धित)

अभियोगपत्र संशोधनको लागि महान्यायाधिवक्ताको स्वीकृति माग गर्ने पत्रको ढाँचा

मितिः

माननीय महान्यायाधिवक्ताज्यू,
महान्यायाधिवक्ताको कार्यालय,
सिंहदरबार, काठमाडौं।

विषयः अभियोग मागदाबीमा संशोधन गर्ने स्वीकृति पाउँ।

उपर्युक्त विषयमा ......... को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी ................ भएको ........... मुद्दामा देहायका आधार र कारणले अभियोग मागदाबीमा संशोधन गर्नु पर्ने भएको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ को उपदफा (१) बमोजिम स्वीकृति पाउनका लागि प्रस्तुत मुद्दाको मूल अभियोग मागदाबी र थप प्रमाण कागजातहरु यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

(१) मुद्दाको संक्षिप्त तथ्यः
(२) मूल अभियोग मागदाबीको व्यहोराः
(३) मुद्दाको हालको अवस्थाः
(४) थप प्रमाण कागजातको व्यहोरा र अभियोग मागदाबी संशोधन गर्नु पर्नाको आधार र कारणः
(५) अभियोग मागदाबीमा संशोधन गर्नका लागि दिईने निवेदनमा राख्नु पर्ने संशोधनको व्यहोराः
"......................................................................................................................
......................................................................................................................
......................................"

............................
(........................)
सहन्यायाधिवक्ता/उपन्यायाधिक्ता
/जिल्ला न्यायाधिवक्ता

अनुसूची- ९

(दफा ४६ को उपदफा (३) को खण्ड (ङ) सँग सम्बन्धित)

<u>अनुसन्धान अनुगमन सम्बन्धी प्रतिवेदनको ढाँचा</u>

१. अनुगमन गरिएको कार्यालय:
२. मुद्दा अनुसन्धान गर्ने अनुसन्धान अधिकारी:
३. मुद्दा अनुसन्धान भएको सङ्ख्या:
४. मुद्दा नचलाउने गरी अनुसन्धान प्रतिवेदन पेस भएको सङ्ख्या:
५. मुद्दा अनुसन्धान भई नचलाउन निर्णय भएको मुद्दाको सङ्ख्या:
६. अनुसन्धानको क्रममा हाजिरी जमानीमा छाडेको मुद्दा संख्या:
७. अनुसन्धानको क्रममा धरौटीमा छाडेको मुद्दा संख्या:
८. जघन्य एवं गम्भीर अपराधमा बैज्ञानिक प्रविधिको प्रयोग गरेको मुद्दा संख्या:
९. जघन्य तथा गम्भीर मुद्दाको संख्या:
१०. जघन्य एवं गम्भीर मुद्दा फछ्र्यौट संख्या:
११. तामेलीमा राखिएको जाहेरी दरखास्त वा सूचनाको सङ्ख्या:
१२. अनुसन्धानसँग सम्बन्धित कागजातहरु (मूचूल्का, रेखाचित्रण, फोटोग्राफी/भिडियो, बयान कागजातहरु) रितपूर्वक तयार गरे/नगरेको:
१३. अनुसन्धान गर्दा प्रमाणको उचित संकलन, परिक्षण, मूल्याङ्कन र विश्लेषण गरे, नगरेको:
१४. अनुसन्धान भएको प्रमाणका आधारमा कानूनको उपयुक्त दफा प्रयोग गरी अनुसन्धान प्रतिबेदन पेस गरे, नगरेको:
१५. अनुसन्धान गर्नु पर्ने अभियुक्त उपर पूर्ण अनुसन्धान सहित अनुसन्धान प्रतिबेदन पेस भए, नभएको:
१६. अनुसन्धान गर्दा कानून बमोजिम गोप्य राख्नु पर्ने विबरण गोप्य राखे, नराखेको:
१७. अनुसन्धानमा अनावश्यक बिलम्ब भए, नभएको:
१८. कानून बमोजिम अनुसन्धान गर्दा खुलाउनु पर्ने कुराहरु खुलाए, नखुलाएको:
१९. अनुसन्धान प्रतिबेदन तोकिएको ढाँचामा पेस भए, नभएको:
२०. अनुसन्धानमा सहयोग गर्ने अभियुक्त उपर सजाय कम गर्न अनुसन्धान प्रतिबेदन पेस भए, नभएको र त्यसका आधारहरु उपयुक्त भए, नभएको:
२१. थप दाबी लिन आवश्यक भएकोमा सो का लागि समयमा अनुसन्धान भए, नभएको:
२२. अभियोगपत्र संशोधन आवश्यक भएकोमा तोकिए बमोजिमको समयमा अनुसन्धान भए, नभएको:
२३. अनुसन्धान त्रुटि रहित रुपमा गरे, नगरेको:
२४. सरकारी वकिलले मुद्दा अनुसन्धानका क्रममा दिएको निर्देशन बमोजिमको अनुसन्धान कार्य भए, नभएको:
२५. अन्य आवश्यक कुराहरु:

प्रतिवेदक

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची- १०

(दफा ४७ को उपदफा (७) सँग सम्बन्धित)

<u>अभियोजन अनुगमन प्रतिवेदनको ढाँचा</u>

१. अनुगमन गरिएको सरकारी वकिल कार्यालयः
२. अभियोजन गर्ने सरकारी वकिलः
३. मुद्दा नचलाएको सङ्ख्याः
४. मुद्दा चलाएको सङ्ख्याः
५. अभियोजन नगरेको (सानातिना मुद्दा) सङ्ख्याः
६. आंशिक मुद्दा नचलाएको सङ्ख्याः
७. आंशिक मुद्दा चलाएको सङ्ख्याः
८. पुरक मुद्दा अभियोजन भएको सङ्ख्याः
९. तामेलीमा राखिएको जाहेरी दरखास्तको सङ्ख्याः
१०. सरकारी वकिल कार्यालयहरुबाट दायर भएका अभियोगपत्रहरुमा एकरुपता कायम भए, नभएकोः
११. अभियोजन गर्दा प्रमाणको उचित मूल्याङ्कन गरे, नगरेकोः
१२. मिसिल संलग्न प्रमाणका आधारमा कानूनको उपयुक्त दफा प्रयोग गरे, नगरेको,
१३. अभियोग लगाउनु पर्ने व्यक्ति उपर अभियोग लगाए नलगाएको वा अभियोग नलगाउनु पर्ने व्यक्ति उपर अभियोग लगाए नलगाएकोः
१४. अभियोजनको कार्यमा अनावश्यक बिलम्ब भए, नभएकोः
१५. कानून बमोजिम अभियोगपत्रमा खुलाउनु पर्ने कुराहरु खुलाए, नखुलाएकोः
१६. अभियोगपत्र तोकिएको ढाँचामा भए, नभएकोः
१७. अनुसन्धानमा सहयोग गर्ने अभियुक्त उपर सजाय कम गर्ने मागदाबी लिए, नलिएको र त्यसको आधारहरु उपयुक्त भए, नभएकोः
१८. थप दाबी लिन आवश्यक भएकोमा सो गरे, नगरेकोः
१९. अभियोगपत्र संशोधन आवश्यक भएकोमा सो गरे, नगरेकोः
२०. अभियोगपत्रमा सानातिना त्रुटिहरु रहे, नरहको र रहेको भए सो सच्याउन अदालतमा निवेदन दिए, नदिएकोः
२१. अन्य आवश्यक कुराहरुः

प्रतिवेदक